मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

वर्ष ४ • अंक १८ • २०८२ साल मंसिर १२ गते शुक्रबार • Friday 28, November 2025 • सूर्योदय: बिहान ०६:३५ बजे • सूर्यास्त: साँझ ५:११ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## २० करोड बराबरको क्रिप्टोकरेन्सी कारोबारी पक्राउ

**मधेशदृष्टि**
**बारा ।**
करिब २० करोड रुपैयाँको अवैध अभौतिक मुद्रा (क्रिप्टो करेन्सी) कारोबार गरेको आरोपमा एक व्यक्ति काठमाडौँमा पक्राउ परेका छन् । पक्राउ पर्नेमा बाराको कलैया नगरपालिका–२० घर भइ डल्लु बस्ने २३ वर्षीय मोहम्मद सेफ छन् । उनलाई जिल्ला प्रहरी परिसर काठमाडौँको टोलीले भद्रकालीबाट पक्राउ गरेको हो । उनले १९ करोड ८१ लाख रुपैयाँ बराबरको क्रिप्टो कारोबार गरेको देखिएको परिसरका एसपी तथा प्रवक्ता पवनकुमार भट्टराईले बताए । उनीमाथि अभौतिक मुद्रा कारोबार गर्न नहुने कसुरमा ५ दिनको म्याद लिएर अनुसन्धान अघि बढाइएको छ ।

## चार पालिकामा प्रशासकीय अधिकृत नहुँदा तलब रोक्का

**मधेशदृष्टि**
**रौतहट ।**
चार नगरपालिकामा प्रमुख प्रशासकीय प्रमुख नहुँदा प्रशासनिक कार्यमा कठिनाई भएको छ । जसका कारण त्यहाँ कार्यरत कर्मचारीदेखि शिक्षकहरुले तलबसमेत खान पाएका छैनन् । जिल्लाको कटहरिया, वृन्दावन, चन्द्रपुर तथा फतुवा विजयपुर नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत छैनन् ।

अधिकृत सरुवा, रमानामा ढिलाइ तथा राजनीतिक–प्रशासनिक समन्वय अभावका कारण स्थानीय तहको सेवामा अवरोध भइरहेको छ । कटहरिया नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत गणेश नेपालीको अन्यत्र सरुवापछि पालिका अधिकृतविहीन बन्न पुगेको हो । करार तथा ज्यालादारी कर्मचारीले तलबका लागि आन्दोलन थालेपछि नेपालीले सरुवा लिएको र धेरै दिनदेखि तलब रोकिँदै आएको नगरका उपप्रमुख रिता देवीले बताइन् ।

उनका अनुसार, 'अधिकृत नहुँदा शिक्षक–शिक्षिकादेखि कर्मचारीसम्म तलबविहीन हुनुपरेको छ ।' वृन्दावन नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत खिमबहादुर भुजेलको सरुवापछि पालिकाको प्रशासनिक काम ठप्प हुन पुगेको छ । नगरप्रमुख विनोदप्रसाद कुर्मीका अनुसार, भुजेलले रमाना नलिएकाले उनी अन्त काममा पनि गएका छैनन् । भुजेललाई फेरि सोही नगरपालिकामा पठाउने तयारी भइरहेको छ ।

यस्तै चन्द्रपुर नगरपालिकामा पनि प्रमुख प्रशासकीय अधिकृत छैनन् । जनकपुर उपमहानगरपालिकाबाट सरुवा भई आएका प्रमुख प्रशासकीय अधिकृत मित्रलाल ढकाल चन्द्रपुरमा हाजिर हुन नपाउँदै पुनः जनकपुरमै थमौती भएपछि पालिका प्रमुख प्रशासकीय अधिकृतविहीन हुन पुग्यो । प्रमुख प्रशासकीय अधिकृत नहुँदा लामो समयदेखि कर्मचारीदेखि शिक्षक–शिक्षिकासम्मको तलब लामो समयदेखि रोकिन पुगेको छ ।

त्यसैगरी फतुवा बिजयपुर नगरपालिकामा करार तथा ज्यालादारी कर्मचारीले म्याद थपका लागि आन्दोलनरत रहे पनि त्यहाँ प्रमुख प्रशासकीय अधिकृत नहुँदा कार्यालयको कामकाज प्रभावित हुन पुगेको छ । बुधबार सिम्रौनगढ नगरपालिका–शिक्षाका दशौँ तहका अधिकृत मदन थापालाई निमित्त प्रशासकीय अधिकृतका रूपमा जिम्मेवारी थमाइएको छ । उनी आएपछि कार्यालयको कामकाज सहज हुने कार्यवाहक नगरप्रमुख अम्बेया खातुनले जानकारी दिइन् ।

जिल्लाका चार नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत नहुँदा तलब भुक्तानी, आर्थिक निर्णय, वार्षिक योजना, दैनिक प्रशासनिक कामकाजहरू ठप्प हुँदा शिक्षक, कर्मचारी तथा सेवाग्राही मारमा परेका छन् । स्थानीय तह सञ्चालनमा प्रमुख प्रशासकीय अधिकृतको भूमिका महत्वपूर्ण हुन्छ । उनीहरु नभएका कारण समस्या भएको भन्दै संघीय मामिला तथा सामान्य प्रशासनको समन्वयका लागि स्थानीयहरुले पहल गरिरहेका छन् ।

## तत्कालीन नगरप्रमुख गोइतसहित १० जनाविरुद्ध मुद्दा



अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कमला नगरपालिका, धनुषाका तत्कालीन नगरप्रमुख राम उदगार गोइतसहित १० जनाविरुद्ध बिहीबार विशेष अदालत, काठमाडौँमा आरोपपत्र दायर गरेको छ । आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडेलका अनुसार लग्मा बजार नजिकको पोखरीको डिलमा माटो पुर्ने तथा घाट निर्माणमा ठेक्का प्रक्रियामा मिलेमतो गरी सार्वजनिक सम्पत्ति हिनामिना गरेको अभियोगमा उनीहरूमाथि आरोपपत्र दायर गरिएको हो । आर्थिक वर्ष २०७६–७७ का लागि स्वीकृत करसहित ७५ लाख रुपैयाँ लागत अनुमान भएको योजनामा बोलपत्र प्रक्रियामा सबैभन्दा कम कबोल (४२ लाख ७४ हजार ५ सय ५१ रुपैयाँ ७१ पैसा) गर्ने 'सेट स्क्वायर कन्सट्रक्सन प्रालि' सँग सम्झौता नगरी दोस्रो घटी कबोल (७२ लाख २१ हजार ७ सय ३० रुपैयाँ ७ पैसा) गर्ने 'इन्फ्रास्ट्रक्चर एस एण्ड बी बिल्डर्स' लाई गैरकानूनीरुपमा ठेक्का दिएको आयोगको ठहर छ । आयोगको अनुसन्धानमा नगरपालिकाका पदाधिकारीहरूले सेट स्क्वायर कन्सट्रक्सनले पेस गरेका कागजात तथा बैंक जमानत बदनियतपूर्वक लुकाइ नष्ट गराई सम्झौता नदिन निर्णय गराएको र उल्टै फर्मको विड बोन्ड जफत गरी दोस्रो प्रस्ताव दातासँग सम्झौता प्रक्रियामा अघि बढाएको पाइएको छ ।

विसं २०७७ जेठ २१ गते इन्फ्रास्ट्रक्चर एस एण्ड बी बिल्डर्ससँग ७२ लाख १८ हजार ६ सय ८० रुपैयाँको दरले सम्झौता गरी भुक्तानीसमेत दिइएको र यसरी गरिएको ठेक्का हेरफेरबाट २९ लाख ४४ हजार १ सय ३७ रुपैयाँ २९ पैसाबराबरको सरकारी धन हिनामिना भएको आयोगले निष्कर्ष निकालेको छ ।

आरोपपत्रमा गोइतसहित कार्यपालिका सदस्य धनेश्वर यादव, धर्मनाथ मण्डल, पल्टु कवारी, विनोद राम, समसुल मिया मोमिन, निमित्त प्रमुख प्रशासकीय अधिकृत वीरेन्द्रकुमार सढान, लेखापाल सञ्जिवकुमार महतो, जिन्सी शाखा प्रमुख जुगलकिशोर यादव तथा ठेक्का पाउने कम्पनीका अध्यक्ष सन्तोषकुमार यादवसमेतलाई भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार सजायको मागसहित प्रतिवादी बनाइएको आयोगका प्रवक्ता पौडेलले जानकारी दिए ।

## एनपिएलमा जनकपुरको लगातार तेस्रो हार



**जनकपुरधाम ।**
काठमाडौँको कीर्तिपुरमा जारी दोस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) क्रिकेटमा साविक विजेता जनकपुर बोल्ट्स लगातार तीन खेलमा पराजित भएको छ । जनकपुर बोल्ट्स बिहीबारको खेलमा पोखरा एभेन्जर्ससँग २५ रनले पराजित भएको हो ।

कीर्तिपुरस्थित त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा टस जितेर पहिला ब्याटिङ गरेको पोखराले २० ओभरमा ६ विकेटको क्षतिमा १ सय ५५ रन बनायो । एक सय ५६ रनको विजयी लक्ष्य पछ्याउने क्रममा जनकपुर बोल्ट्सले नौ विकेटको क्षतिमा एक सय ३० रन मात्र बनाउन सक्यो । जनकपुरका लागि वायने पर्नेलले अर्धशतकीय पारी खेले । उनले ३८ बल खेल्ने क्रममा चार छक्का र दुई चौका प्रहार गरे । यस्तै सञ्जय कृष्णमूर्तिले २५ तथा माज सदाकतले २० रन बनाए । बलिङतर्फ पोखराका विपिन खत्रीले चार, सुमित बर्माले दुई तथा कुशल भुर्तेल र जिम्मी निसमले एक एक लिए । यसअघि पोखराका लागि सुमित बर्माले अर्धशतकीय पारी खेलेका थिए । उनले २९ बल खेल्ने क्रममा चार छक्का र दुई चौकाको मद्दतमा अविजित ५० रन बनाए । यस्तै दिनेश खरेलले ३८, तृतराज दासले २९ तथा एडम रोसिङ्गटनले २४ रन बनाए ।

बलिङतर्फ जनकपुरका लागि सञ्जय कृष्णमूर्तिले तीन तथा कप्तान अनिल साह र ललितनारायण राजवंशीले एक–एक विकेट लिए । यसअघि जनकपुर काठमान्डू गोर्खाजसँग पाँच विकेट तथा विराटनगर किङ्ग्ससँग नौ विकेटले पराजित भएको थियो । पोखरा पहिलो खेलमा विराटनगरसँग ५३ रनले तथा दोस्रो खेलमा सुदूरपश्चिम रोयल्ससँग १८ रनले पराजित भएको थियो । यसअघि बिहीबार नै सम्पन्न भएको पहिलो खेलमा सुदूरपश्चिम रोयल्सले लुम्बिनी लायन्सलाई सात विकेटले परारिजत गरेको थियो ।

एनपिएलमा शुक्रबार पहिलो खेल चितवन राइनोज र काठमान्डू गोर्खाजबीच बिहान ११ः४५ बजे तथा दोस्रो खेल कर्णाली याक्स र विराटनगर किङ्ग्सबीच अपराह्न ४ बजे शुरु हुनेछ ।

## जानकी मन्दिरमा पठाइयो 'चौठारीको भार'



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मिथिलाञ्चलको पौराणिक वैवाहिक परम्परा अनुसार सीताराम विवाहपछि जनकपुरधामस्थित राम मन्दिरबाट जानकी मन्दिरमा 'चौठारीको भार' विधिपूर्वक पठाइएको छ । मिथिला समाजमा विवाहपश्चात् बेहुला पक्षले बेहुलीको घरमा श्रद्धा, सम्मान तथा शुभकामनाका प्रतीकस्वरूप खाद्यान्न, मिठाई, फलफूल तथा अन्य सामग्रीसहितको चौठारीको भार पठाउने चलन छ । यसलाई वैवाहिक सम्बन्धलाई अझ मजबुत बनाउने सांस्कृतिक सेतूका रूपमा मानिन्छ ।

यस परम्पराअनुसार राम मन्दिरबाट तयार पारिएको चौठारीको भार बिहिबार जानकी मन्दिरमा पु¥याइयो । भारमा चामल, दाल, घिउ, विभिन्न परिकार, मिठाइ, फलफूल तथा पूजाअर्चनामा प्रयोग हुने सामग्री राखिएको थियो । भारसँगै राम मन्दिरका महन्थ राम गिरीका साथै राम युवा कमिटीका पदाधिकारीहरु जानकी मन्दिर पुगेका थिए ।

## जेन्जी आन्दोलनकारीलाई नछोडिए अर्को जनबिद्रोहः साह




**काठमाडौँ ।**
आम जनता पार्टी (आजपा)का अध्यक्ष एवम् पूर्वमन्त्री प्रभु साहले जेन्जी आन्दोलनको बलमा बनेको सुशीला सरकारले जेन्जी आन्दोलनकारीलाई नै पक्राउ गर्नु, धरपकड गरेको प्रति आपत्ति जनाएका छन् । कोटेश्वरमा बिहीबार बसेको आजपा पदाधिकारी बैठकलाई सम्बोधन गर्दै अध्यक्ष साहले पक्राउ गरिएका जेन्जी आन्दोलनकारीलाई रिहा नगरिए अर्को जनविद्रोह हुने चेतावनी समेत दिए ।

'सुशीला कार्कीजीको सरकार जेन्जी आन्दोलनकै बलमा बनेको दुनियालाई थाहा छ । त्यसैले यो सरकारले जेन्जी आन्दोलनका हत्यारा, भ्रष्टाचारीलाई कारवाही गर्नु पर्छ । तत्काल उनीहरुलाई पक्राउ गर्नुपर्छ, तर यो सरकारले उल्टै जेन्जी आन्दोलनकारीलाई पक्राउ गर्ने, धरपडक गर्ने कार्य गम्भिर बिषय हो । यो हामीलाई स्वीकार्य छैन् । जेन्जी हत्यारालाई पक्राउ गरेर कारवाही गर र जेन्जी आन्दोलनकारीलाई तत्काल रिहा गर्नुपर्छ । हैन भने अर्को बिद्रोह हुनसक्छ । यस बारेमा प्रधानमन्त्रीजी गम्भिर हुन आवश्यक छ,' आजपा अध्यक्ष साहले भने ।

उनले जेन्जी आन्दोलनको उपलब्धि खेर जाने खतरा रहेको बताउँदै जेन्जी आन्दोलनकारी युवा एकजुट हुनुको विकल्प नभएको बताए । जेन्जी आन्दोलनलाई संस्थागत गर्न, मागहरुलाई सम्बोधन गर्न, आन्दोलनको उपलब्धिलाई खेर जान नदिनका लागि सबै जेन्जी समूहहरु एकजुट गराएर निर्णाय सं◌ंघर्षमा उत्रिनुपर्ने अहिलेको आवश्यक्ता रहेको अध्यक्ष साहले बताए ।

## बिच्छालाई साधारण सदस्यबाट निलम्बन गर्ने राप्रपाको निर्णय



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले मधेश प्रदेश सरकारमा पार्टी निर्देशनविपरीत सहभागी भएकी सांसद कञ्चन विच्छालाई साधारण सदस्यबाट निलम्बन गर्ने निर्णय गरेको छ । बिहीबार धुम्बाराहीमा बसेको केन्द्रीय कार्यसम्पादन समिति बैठकपछि अध्यक्ष राजेन्द्र लिङ्देनले निर्णय सार्वजनिक गरेका हुन् ।

राप्रपाका अनुसार विच्छा नेकपा एमाले नेतृत्वको मधेश सरकारमा सहभागी भएर पार्टीको आधिकारिक नीति र निर्णयविपरीत गएको आरोप लागेको छ । यसअघि नै पार्टीको अनुशासन समितिले उनीमाथि कारबाहीको सिफारिस गरेको थियो ।

निर्णयबारे जानकारी दिँदै अध्यक्ष लिङ्देनले भने, 'मधेश प्रदेशमा पार्टी निर्देशनविपरीत मन्त्री पद सम्हालेकी प्रदेश सभा सदस्य कञ्चन बिच्छालाई साधारण सदस्यबाट निलम्बन गर्ने र प्रदेश सभा तथा मन्त्री पद दुवैबाट फिर्ता बोलाउने निर्णय भएको छ ।'

कात्तिक २४ गते बिच्छा मधेश सरकारमा मन्त्रीसमेत बनेकी थिइन् । सोही दिन अध्यक्ष लिङ्देनले उनलाई तत्काल सरकारबाट बाहिरिन आग्रह गरेका थिए ।

## रोकियो चिनियाँ मुस्लिम बालिकाको विवाह

**मधेशदृष्टि**
**बारा ।**
बारामा प्रहरीले चिनियाँ र मुस्लिम बालिकाबीचको बालविवाह रोकेको छ । करैयामाई गाउँपालिका–१, हरैयाबाट बुधबार मध्यराति चिनियाँ नागरिकले मुस्लिम समुदायकी नेपाली नाबालिकासँग बालविवाह गर्ने क्रममा बेहुला–बेहुली र बेहुलीका बाबुलाई नियन्त्रणमा लिएको हो । उनीहरूलाई जिल्ला प्रहरी कार्यालय कलैयामा राखी थप अनुसन्धान भइरहेको प्रहरी उपरीक्षक नरेन्द्र कुँवरले बताए । उनीहरूको नाम भने खुलाइएको छैन ।

प्रारम्भिक अनुसन्धानमा चिनियाँ नागरिकसँग पासपोर्ट र भिसा रहेको उनले बताए । स्थानीय बासिन्दाका अनुसार मधेशमा भारतमा विवाह गर्ने चलन पहिलादेखि रहे पनि चिनियाँ नागरिकसँग विवाहका घटना नयाँ हो ।

यो विवाहले गाउँमा धेरैलाई अचम्मित बनाएको छ । एक स्थानीयका अनुसार यस्तो विवाह आर्थिक प्रलोभनमा बिचौलियाले गराइदिने गरेका छन् । एक वर्षयता त्यस गाउँमा तीन विवाह चिनियाँ नागरिकसँग भएको पाइएको छ ।

# पञ्चवर्षीय रणनीतिक योजना निर्माण गर्दै मध्यपश्चिम विश्वविद्यालय

**कर्णाली ।**
मध्यपश्चिम विश्वविद्यालय सुर्खेतले पञ्चवर्षीय रणनीतिक योजना निर्माण सुरु गरेको छ ।

मध्यपश्चिम विश्वविद्यालय योजना विकास तथा अनुगमन निर्देशनालयले उक्त योजना निर्माणसम्बन्धी अन्तरक्रिया तथा सुझाव सङ्कलन बिहिवार नारायण बहुमुखी क्याम्पसमा दैलेखबाट सुरु गरेको हो । कार्यक्रममा पूर्वसांसद रविन्द्रराज शर्माले समाजको आवश्यकता र श्रमबजारको माग अनुरूप खपत हुने जनशक्ति उत्पादन गर्ने गरी योजना निर्माण गर्न सुझाए ।

मध्यपश्चिम विश्वविद्यालय योजना विकास तथा अनुगमन निर्देशनालयका कार्यकारी निर्देशक एवं पाँच वर्षे रणनीतिक योजना निर्माण समितिका संयोजक डा विष्णुकुमार खड्काले विद्यार्थीलाई आकर्षण गराउने, गरिखान सीप सिकाउने, टिकाउने र बिकाउने गरी योजना निर्माण गरिने बताए ।

अन्तरक्रियामा नारायण नगरपालिकाका उपप्रमुख तप्ताकुमारी थापा, विश्वविद्यालय योजना परिषद्का सदस्य एवं ग्राजुयट स्कूल अफ इन्जिनियरका डीन सह–प्राडा राजन सुवाल, क्याम्पस सञ्चालक समितिका पूर्वअध्यक्ष टेकबहादुर खाँड, खड्कबहादुर सिङ्जापती, तेजबहादुर चन्द, नेपाल पत्रकार महासङ्घ दैलेखका अध्यक्ष अमरबहादुर सुनार, उक्त क्याम्पसका स्ववियु कोषाध्यक्ष सुष्मा शाहीलगायतले नियमित तथा प्रविधिमैत्री कक्षा सञ्चालन, व्यवहारिक एवं जीवनोपयोगी शिक्षाको आवश्यकता, क्याम्पसको विकास तथा विस्तारका लागि अवलम्बन गर्नुपर्ने उपायलाई ध्यानमा राखी योजना ल्याउन सुझाएका थिए ।रासस


# श्री हिमाल बचत तथा ऋण सहकारी संस्था लि.

**वीरगंज म.न.पा ०८,पानीटंकी**

## कर्जा चुक्ता गर्ने आउने बारे ३५ दिने सार्वजनिक सूचना

**( प्रथम पटक प्रकाशित मितिः२०८२/०८/१२)**

**टेलिफोन नं०५१५२१९२७, Gmail:-shreehimalsaccos@gmail.com**

यस श्री हिमाल बचत तथा ऋण सहकारी संस्था लि.का मिति २०८२/०८/१२ तपसिलमा उल्लेखित ऋणी सदस्यहरुलाई यस संस्थाबाट टेलीफोन,मौखिक एवम् लिखित पत्रबाट पटक पटक उपभोग गरेको कर्जाको साँवा ,ब्याज र हर्जाना रकम चुक्ता गर्न बारम्बार ताकेता गर्दा समेत ऋण दायित्व फछ्यौट गर्ने तर्फ तदारुकता न देखाई यस संस्थासंग आन्तरिक रुपमा गरिएका समझौता भंग भएकोले हर्जाना र ब्याज समेतको बाँकी सम्पूर्ण ऋण रकम चुक्ता गर्नको लागि यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिन भित्र यस सहकारी संस्थालाई बुझाउन पर्ने सम्पूर्ण साँवा ,ब्याज तथा हर्जाना रकम एकमुस्ट बुझाउन अनुरोध गरिन्छ। यस सूचना बमोजिम कर्जा चुक्ता हुन नसकेमा संस्थाको विनियम तथा सहकारी ऐन २०७४,को दफा ७९, र सहकारी नियमावली २०७५ को दफा ३० र अन्य नियम तथा निर्देशनहरु र अन्य प्रचलित कानुन बमोजिम संस्थाले धितोंमा रहेको सम्पति डाँक बढाबढ प्रकृया मार्फत लिलाम बिक्री गरी वा लिलाम बिक्री हुन नसकेमा संस्था आफैले सकार गरी संस्थाको असुलउपर गर्नुपर्ने सम्पूर्ण रकम असुल उपर गरिने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशील**

| क्र.स | ऋणिकों तिन पुस्ताको विवरण | फोटो | धितोंको विवरण |
|---|---|---|---|
| १. | नामः समीम अख्तर अंसारी<br>बुबाः नैमुदीन अंसारी<br>बाजेः ग्यासुदिन अंसारी<br>ठेगानाः वीरगंज१२<br>ना.प्र.नंः १६०३१८८७८<br>जारी मितीः २०४४/१२/२६<br>कर्जा शीर्षकः व्यवसायिक कर्जा |  | समीम अख्तर अंसारी को नाममा मालपोत कार्यालय वीरगंज पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला हाल वीरगंज वडा नं१२ साविक बीरगंज उ.म.न.पा.वडा नं१५ कित्ता नं.७७० को व.मि ९२.०३ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घर जग्गामा कुनै थप निर्माण कार्यहरू भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत। |
| २. | नामः किसुन सिंह राजपुत<br>बुबाः झकड सिंह राजपुत<br>बाजेः शिवलाल सिंह<br>ठेगानाः वीरगंज१५<br>ना.प्र.नंः ६४१२१०७३<br>जारी मितीः २०३६/०४/०७<br>कर्जा शीर्षकः व्यवसायिक कर्जा |  | किसुन सिंह राजपुत को नाममा मालपोत कार्यालय वीरगंज पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला हाल वीरगंज१५ साविक नगवा वडा नं ५ को कित्ता न.४०२४ को क्षेत्रफल ००१३८ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घर जग्गामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत। |
| ३. | नामः रेहाना खातुन<br>पतिः मंजुर आलम अंसारी<br>बुबाः नैमुदीन अंसारी<br>ठेगानाः वीरगंज२३<br>ना.प्र.नंः ७०१२१४७९<br>जारी मितीः २०४४/११/१७<br>कर्जा शीर्षक : व्यवसायिक कर्जा |  | रेहाना खातुन को नाममा मालपोत कार्यालय वीरगंज पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला हाल वीरगंज वडा नं१५ साविक नौतन वडा नं ६ कित्ता नं.२८० को क्षेत्रफल ००१५० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घर जग्गामा कुनै थप निर्माण कार्यहरू भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत। |
| ४. | नामः गिता कुमारी चौधरी<br>बाबु/पतिः राम प्रसाद महतो थारु<br>बाजे/ससुरोः प्रमेश्वर महतो थारु<br>ठेगाना : वीरगंज१५<br>ना.प्र.नं :३४१०४९/१७६<br>जारी मितीः२०६५/११/२२<br>कर्जा शीर्षक : व्यवसायिक कर्जा |  | गिता कुमारी चौधरी को नाममा मालपोत कार्यालय वीरगंज पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला हाल वीरगंज१५ साविक नौतन वडा नं ६ कित्ता नं.२२४६ को क्षेत्रफल ००६८ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घर जग्गामा कुनै थप निर्माण कार्यहरू भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत। |
| ५. | नामःरुनची देवी थरूनी<br>पतिः ठग ओझैया थारु<br>ससुरोः पलट ओझैया थारु<br>बुबा :बिसुन दास थारु<br>ठेगानाः पर्सागढी७<br>ना.प्र.नंः २५/०४४९१५४६<br>जारी मितिः२०४५/०२/१०<br>कर्जा शीर्षकः व्यवसायिक कर्जा |  | रुनची देवी थरूनी को नाममा मालपोत कार्यालय वीरगंज पर्सामा दर्ता कायम र हेको पर्सा जिल्ला बागेश्वरी तितरौना वडा नं ७ कित्ता नं.१८८ को व.मि.८६० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घर जग्गामा कुनै थप निर्माण कार्यहरू भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत। |
| ६. | नामः गिता देवी साह कानु<br>पति : जयकुमार साह कानु<br>ससुरो : बासी साह<br>बुबा : सोनालाल साह कानु<br>ठेगाना : बारा१ ,बहुअरी<br>ना.प्र.नं : ४५०२<br>जारी मितीः२०६२/१२/०९<br>कर्जा शीर्षक : व्यवसायिक कर्जा |  | गिता देवी साह कानु को नाममा मालपोत कार्यालय वीरगंज पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला हाल वीरगंज१४ साविक बहुअरी बी वडा नं ८ कित्ता नं.७१२ को क्षेत्रफल ००३८ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घर जग्गामा कुनै थप निर्माण कार्यहरू भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत। |
| ७. | नामः सुशिला देवी कानु<br>पतिः रामानन्द प्रसाद साह कानु<br>ससुरोः देवशरण साह कानु<br>बुबाः भवन साह<br>ठेगानाः कलैया न.पा१५<br>ना.प्र.नं :३३३०८०/११५१<br>जारी मितीः२०६३/११/२२<br>कर्जा शीर्षक : व्यवसायिक कर्जा |  | सुशिला देवी कानु को नाममा मालपोत कार्यालय कलैया बारामा दर्ता कायम र हेको बारा जिल्ला धर्मनगर वडा नं ८,९ कित्ता नं.८१५,९९१ को क्षेत्रफल ० ५००, ०१११४ र बलिरामपुर वडा नं१ को कित्ता नं१००४ क्षेत्रफल ०२०० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घर जग्गामा कुनै थप निर्माण कार्यहरू भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत। |
| ८. | नामः रामचन् राउत<br>बुबाः ब्रहमदेव राउत<br>बाजेः दरवारी राउत<br>ठेगानाः पर्सागढी ७(बागेश्वरी तितरौना)<br>ना.प्र.नंः ३६६४०५९१<br>जारी मितीः २०३३/१२/१२<br>कर्जा शीर्षकः व्यवसायिक कर्जा |  | रामचन् राउत को नाममा मालपोत कार्यालय वीरगंज पर्सामा दर्ता कायम र हेको पर्सा जिल्ला गा.बि.स बागेश्वरी तितरौना वडा नं८ को कित्ता नं७६ को व.मि.७१११.२६ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घर जग्गामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत। |

**पुनशच : धितों लेखिदिने तथा व्यक्तिगत जमानी दिनेहरुलाई सूचना :**
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गराई आनो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन :अनुरोध गरिएको छ। अन्यथा तोकिएको दिन धितो लिलाम बढाबढ भई बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलाम बाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सुचित गरिन्छ। उल्लिखित धितों सम्पति लिलाम बिक्री गरि वा संस्था आफैले सकार गर्दा समेत साविकमा संस्थाबाट भएको कम मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा संस्था आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा बिक्री भयो वा संस्था आफैले संस्था तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ को दफा ५७(६) अनुसार सकार गरी लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन। उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनर्मूल्याङ्कन गरी संस्था आफैले सकार गर्दा समेत संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभई बाकी रहेमा ऋणी लगायत व्यक्तिगत जमानी दिनेहरुको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ।


# सार्क कार्यक्रम समितिको ६१औँ बैठक सम्पन्न

**काठमाडौँ।**
दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) कार्यक्रम समितिको ६१औँ बैठक श्रव्यदृश्यका माध्यमबाट बुधबार सम्पन्न भएको छ।

बैठकको उद्घाटन गर्दै परराष्ट्र मन्त्रालयका सहसचिव तथा कार्यक्रम समितिका अध्यक्ष किरण शाक्यले सार्क यस क्षेत्रको प्रमुख क्षेत्रीय सङ्गठनका रूपमा सदस्य राष्ट्रहरूबीच संवाद, सहकार्य र सामूहिक कदम चाल्नका लागि महत्वपूर्ण मञ्च भएको बताए।

यहाँस्थित सार्क सचिवालयका अनुसार त्यस अवसरमा सार्कका महासचिव मोहम्मद गोलाम सरवरले सदस्य राष्ट्रहरूबाट निरन्तर प्राप्त सहयोगप्रति धन्यवाद ज्ञापन गर्दै कार्यक्रम समितिको भूमिकाको महत्वको चर्चा गरे । साथै उनले दक्षिण एसियाली मुलुकहरूको उन्नयनको साझा उद्देश्यका खातिर सार्क स्थापना भएको बताउँदै सामूहिक रूपमा सार्कले धेरै उपलब्धि हासिल गर्न सक्ने विश्वास व्यक्त गरे।

बैठकले आगामी वर्षका लागि सार्कका विशेष निकाय तथा क्षेत्रीय केन्द्रहरूको बजेट तथा गतिविधिका वार्षिक तालिकाहरूको समीक्षाका साथै त्यसलाई अन्तिम रूप दिएको छ।

नेपालको अध्यक्षतामा भएको समितिको बैठकमा बङ्गलादेश, भुटान, भारत, माल्दिभ्स, नेपाल, पाकिस्तान र श्रीलङ्काका परराष्ट्र मन्त्रालयका सहसचिव सार्कका विशेष निकाय तथा क्षेत्रीय केन्द्रका प्रमुखका साथै सचिवालयका उच्च अधिकारीहरूको सहभागिता थियो।रासस

# बागलुङस्थित रक्तसञ्चार केन्द्रको स्तारोन्नति

**बागलुङ।**
लामो समयको प्रयासपछि बागलुङस्थित रक्तसञ्चार केन्द्रको प्रयोगशालामा सेतो रगत (प्लेटलेट्स÷प्लाज्मा) उत्पादन गर्ने उपकरण भित्राइएको छ।

धौलागिरि प्रादेशकि अस्पताल अगाडि रहेको रक्तसञ्चार केन्द्रमा सेतो रगत निर्माण गर्ने उपकरणको अभावमा अन्य केही उपकरणसमेत प्रयोग बिहीन भएका थिए । सोही कारणले बिरामीलाई पोखरा पठाउनुपर्ने बाध्यता थियो।

अगामी एक महिनाभित्र सेवा प्रदान गर्नेगरी सेतो रगत उत्पादन गर्ने उपकरण भित्राइएको जिल्लास्थित नेपाल रेडक्रस सोसाइटीका सभापति जगन्नाथ आचार्यले जानकारी दिए। उनका अनुसार उपकरण जडान गर्ने तथा ल्याब टेक्निसियनलाई दुई हप्ताको तालिम पश्चात् सेवा सञ्चालन गरिने छ।

सेवा सञ्चालनमा आएपछि जटिल प्रकारका बिरामीलाई आवश्यक पर्ने प्लेटलेट्स÷प्लाज्मा बागलुङमा उत्पादन हुने जनाउँदै धौलागिरी प्रादेशिक अस्पतालबाट बाहिर रिफर हुने जटिल प्रकारका बिरामीको सङ्ख्या घट्ने आचार्यले विश्वास व्यक्त गरे।

विशेषज्ञ सेवा प्रदान गर्ने तथा जटिल रोगको उपचारका लागि सेतो रगत आवश्यक पर्ने धौलागिरी प्रादेशिक अस्पतालका प्रमुख डा किरण तिवारीले बताए । यसअघि रक्तसञ्चार केन्द्रमा सेतो रगत नपाउँदा अस्पतालले जटिल समस्या देखिका, सेतो रगत आवश्यक पर्ने बिरामीलाई पोखरासहित बाहिर पठाउनुपर्ने बाध्यता रहेकामा शीघ्र उक्त समस्या समाधान हुने उनले उल्लेख गरे।

गण्डकी प्रदेश सरकारको स्वास्थ्य मन्त्रालयले बागलुङस्थित रक्तसञ्चार केन्द्रलाई दुई वर्षअघि दिएको रातो र सेतो रगत छुट्याउने उपकरण (कम्पानेन्ट सेन्ट्रिफ्युज) जनशक्ति, जडान, पूर्वाधारका लागि आर्थिक अभावलगायत कारणले प्रयोगमा आउन सकेको थिएन।

प्रदेश सरकारको १५ लाख रुपैयाँ, बागलुङ नगरपालिकाको पाँच लाख रुपैयाँ, जैमिनी नगरपालिकाको तीन लाख रुपैयाँ, गलकोट नगरपालिकाको दुई लाख रुपैयाँ र बरेङ गाउँपालिकाको एक लाख ५० हजार रुपैयाँ लागतमा उपकरण खरिद भइसकेको छ।

उपकरण आएपनि प्रयोगशाला निर्माण गर्न नसक्दा रोकिएको काममा बागलुङ समाज जापानले १३ लाख ५० हजार रुपैयाँ नगद सहयोग गरेपछि प्रयोगशाला बनाउन सुरु गरिएको छ।

हालै बागलुङ समाज जापानका अध्यक्ष गुरुप्रसाद सापकोटा र सचिव दीपक कँडेलले रेडक्रस बागलुङका सभापति आचार्यलाई पूर्वाधार बनाउन १३ लाख ५० हजार रुपैयाँ को चेक हस्तान्तरण गरेका थिए । सहयोग रकम वातावरण अनुकूलित कोठा, जनशक्तिलाई तालिम तथा अन्य पूर्वाधार बनाउन खर्च गरिने आचार्यले जानकारी दिए।

विशेषगरी डेङ्गीको सङ्क्रमण भई सेतो रगतको मात्रा घटेका, सर्पदंश, शल्यक्रियालगायत अत्याधिक रक्तस्राव भएका बिरामीलाई सेतो रगत आवश्यक पर्ने धौलागिरी अस्पतालका प्रमुख डा तिवारीले जानकारी दिए । उनले सेतो रगत आवश्यक परी यहाँ उपचार सम्भव नहुने बिरामीलाई पोखरा, काठमाडौँ पठाउनुपर्ने बाध्यता अन्त्य हुने विश्वास व्यक्त गरे । उनका अनुसार बिरामीको अवस्था हेरेर ३० हजारभन्दा तल प्लेटलेट्स भएमा सेतो रगतको आवश्यकता हुने गर्दछ।रासस

# चितवनलाई चिनाउँदै 'चितवन राईनोज'

**चितवन,।**
पर्यापर्यटनको क्षेत्रमा विश्वलाई चिनाएको चितवन राष्ट्रिय निकुञ्जको एक सिङ्गे गैँडा अहिले क्रिकेटको माध्यमबाट पनि चर्चामा छ । त्यही गैँडाको नामबाट स्थापित क्रिकेट क्लब 'चितवन राईनोज' ले खेलमार्फत् चितवन र एक सिङ्गे गैँडालाई विश्वसामु चिनाइरहेको छ।

नेपाल प्रिमियर लिग (एनपिएल) को पहिलो संस्करणबाट खेल्दै आएको चितवन राईनोज दोस्रो संस्करणमा पनि मैदानमा उत्रेको छ । हालसम्म तीन वटा खेल खेलेको राईनोजले दुई जित हासिल गर्दै अग्रस्थानमा छ।

पहिलो संस्करणमा चौथो स्थान पाएको राईनोजले यस पटक पहिलो बन्ने दाउमा छ । चितवन मेडिकल कलेजको भगिनी संस्थाको रुपमा स्थापित चितवन राईनोजले यहाँ बन्दै गरेको गौतमबुद्ध क्रिकेट रङ्गशाला, भरतपुर महानगरसहित समग्र चितवनलाई राष्ट्रिय र अन्तरराष्ट्रिय रुपमा परिचित गराएको महानगर प्रमुख रेनु दाहाल बताउछिन।

उनले भनिन 'अन्तरराष्ट्रियस्तरको रङ्गशाला बनिरहेको ठाउँको क्लबले ख्याती पाउदा गर्व लाग्छ ।' यहाँको खेल पर्यटनलाई चितवन राईनोजले बढावा दिने उनको भनाइ छ।

खेल क्षेत्रमा महानगरले प्राथमिकता दिँदै आएको भन्दै उनले चितवन राईनोज महानगर र चितवनको आफ्नै क्लब भएको बताईन । जिल्ला समन्वय समिति चितवनका प्रमुख नारायणप्रसाद अधिकारीले देशका आठ वटा क्लबमध्येको एक क्लब चितवनको रहनु आफैमा गर्वको विषय भएको बताए । उनले भने 'चितवन जिल्लाको नाममा स्थापित यो क्लब जिल्लाका लागि गौरवको विषय हो।'

खेलले अनुशासित बनाउने भन्दै उनले आम जनसमुदायलाई खेलप्रति आकर्षित गर्न यस्ता क्लब सहयोगी बन्ने बताए । चितवन राईनोज खेल्दै गर्दा यहाँका होटल, रेष्टुरेन्ट र सार्वजनिकस्थलमा खेलप्रेमी रमाइरहेको देख्न सकिन्छ। सडक किनारका पोलमा मात्रै होटल, रेष्टुरेन्ट र सार्वजनिकस्थलमा पनि चितवन राईनोजको लोगो अङ्कित झण्डा फहराएको देखिन्छ। जिल्ला सर्वत्र खेलमय बने जस्तो प्रतित हुन्छ।

होटल सङ्घ नेपालका केन्द्रीय सदस्य सुमन घिमिरे क्लबको नामका कारण जिल्ला र पर्यटनलाई अन्तरराष्ट्रिय रुपमा परिचित गराएको बताए। उनले भने 'चितवन राईनोज सुन्नासाथ दिमाखमा चितवन राष्ट्रिय निकुञ्ज, एक सिङ्गे गैँडाको झल्को आउँछ ।' टेलिभिजन र सामाजिक सञ्जालमार्फत् चितवन राईनोजको नाम फैलिँदै गर्दा त्यसको प्रत्यक्ष फाईदा पर्यटन क्षेत्रमासमेत पुग्ने उनको भनाइ छ।

अरु विषयमा मतभेद देखिएपनि चितवन राईनोजलाई प्रेरणा दिने कुरामा सबै एक ठाउँ उभिएका छन्। बुधबारको खेलमा प्रत्यक्ष दर्शक बनेका नेपाली कांग्रेस चितवनका सभापति राजेश्वर खनाल जिल्लाको ईज्जत चितवन राईनोजले बढाएको बताए।

अन्य क्लबहरु प्रादेशिकस्तरका भए पनि जिल्लाको नामबाट चितवन राईनोज भएको भन्दै उहाँले यहाँको खेल क्षेत्रलाई चलायमान बनाउन र राष्ट्रिय तथा अन्तरराष्ट्रिय रुपमा चितवनलाई चिनाउन क्लब सहयोगी भएको बताए।

राष्ट्रिय स्वतन्त्र पार्टीका केन्द्रीय सदस्य राजन गौतमले चितवन राईनोजले चितवन जिल्ला र यहाँको एक सिंगे गैंडालाई विश्व जगतमा चिनाएको बताए । उनले भने 'अन्तरराष्ट्रिय खेलाडी र खेलप्रेमीसम्म यहाँको पहिचान पुग्नु पर्यटन प्रबर्द्धनमा पनि ठूलो अर्थ राख्छ।' चितवन मेडिकल कलेजले आर्थिक हिसाबले उच्च जोखिम मोल्दै क्लब स्थापना गरेको बताउँदै उनले यसले आम नागरिकसँग मेडिकल कलेजलाई जोड्न समेत सहयोग पुगेको बताए।

चितवन राईनोज क्लब चितवन मेडिकल कलेजको भगिनी संस्था हो । क्लबका अध्यक्ष आयुष न्यौपाने छन, भने निर्देशक प्रताप देवकोटा र अरुण कोईराला छन। खेल भएका दिन ६ वटा बसले यहाँका प्रशंसक खेल मैदानसम्म लैजाने र ल्याउने गरेको छ । निर्देशक देवकोटा स्वास्थ्यसँगै खेल क्षेत्रलाई प्रवद्र्धन गर्न क्लब स्थापना गरिएको बताउछन । उनले भने 'आर्थिक रुपमा लाभ नभए पनि समग्र चितवनलाई चिनाउन र यहाँको खेल क्षेत्रलाई अगाडि बढाउन क्लब सहयोगी बनेको छ।'

भरतपुर महानगरपालिकाले अन्तरराष्ट्रियस्तरको रङ्गशाला बनाइरहेको अवस्थामा चितवन राईनोजको चर्चाले क्रिकेटप्रति यहाँका जनसमुदायलाई आकर्षित गरिरहेको छ।रासस

# मोटरसाइकल चोरीमा संलग्न समातिए

**मधेशदृष्टि**
**सर्लाही ।**
चन्द्रनगरमा बिहीबार बिहान मोटरसाइकल चोरी गरेर भाग्दै गरेको अवस्थामा एक जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा चन्द्रनगर गाउँपालिका –३, कोरियाही टोल बस्ने २५ वर्षीय बिनकुमार महतो छन् । चन्द्रनगर गाउँपालिका –७, नाढी टोल बस्ने रोहन कापरको प्रदेश २–०३–०११ प ९१३० नम्बरको मोटरसाइकल चन्द्रनगर गाउँपालिका –६, लोदवा टोलबाट चोरी भएको थियो । कापर ब्रह्मपुरी गाउँपालिकाको पडरिया गाउँमा जन्ती गएर घर फर्कदै गर्दा बिहीबार बिहान साढे ४ बजेतिर लोदवा गाउँनजिक बाटोमा मोटरसाइकल रोकेर शौच गर्न जाँदा मोटरसाइकल चोरी भएको हो ।

मोटरसाइकल चोरी गरेर भाग्दै गर्दा उनलाई पक्राउ गरिएको इलाका प्रहरी कार्यालय केशरगन्जका प्रहरी निरीक्षक नितेशकुमार सिंहले बताए । सिंहका अनुसार मोटरसाइकल चोरीमा संलग्न महतोलाई थप अनुसन्धानका लागि बयलवासस्थित इलाका प्रहरी कार्यालय केशरगन्जको हिरासतमा राखिएको छ ।

## सम्पादकीय

# विवाह पञ्चमीपछिको जनकपुर

जनकपुरमा विवाह पञ्चमी मेला भर्खरै सकिएको छ। भगवान राम र सीताको विवाह भएको दिनलाई मानेर हरेक वर्ष जनकपुरधाममा विवाह उत्सव उत्सवलाई भव्यताका साथ मनाइने गरिन्छ।

विवाह उत्सवमा देश तथा विदेशबाट भक्तालु आउने गर्छन्। यस वर्ष पनि विवावह उत्सवमा लाखौँ भक्तालु यहाँ आएका थिए। उनीहरुले जानकारी मन्दिर दर्शन गरेर आफ्ना मनोकांक्षा पूरा गरेर फर्किए। यहाँ महोत्सव व्यवस्थापनका लागि विभिन्न संघसंस्थाका साथै युवा स्वयंसेवकहरु पारिचालित भएका थिए। यस्तै यहाँ आएका पाहुनाहरुलाई बस्न र खान बाह्र बिघा क्षेत्रमा टेन्ट लगाएर भक्तालुहरुलाई सुत्ने व्यवस्था मिलाइएको थियो।

जनकपुर बृहत्तर क्षेत्र परिषद्ले भक्तालुहरुलाई निःशुल्क रुपमा खाना खुवाउने तथा सुत्ने व्यवस्था गरेको थियो। यस्तै अन्य संघसंस्थाले पनि यहाँ आएका पाहुनालाई स्वागत र सत्कार गरेका थिए। यहाँ विवाह महोत्वभएर तीन दिन विद्यालयहरु बन्द भएका थिए भने माछामासु र मदिराजन्य चिजको बेचबिखनमा रोक लगाइएको थियो। सुरक्षा व्यवस्था पनि निकै कडा पारिएको थियो। कडा सुरक्षाबीचमा पनि चोरको बिगबिगी भने जारी नै रह्यो। केही चोरलाई प्रहरीले पक्राउसमेत गरेको थियो। समग्रमा भव्य र सभ्य तरिकाले सम्पन्न भएको विवाह मेलापछि जनकपुरमा यतिखेर भक्तालुले गरेको फोहोरका कारण दुर्गन्धित बन्न पुगेको छ। जताततै फोहोरका कारण हिडिसक्ने अवस्था छैन। नाक खुम्च्याएर वा थुनेर हिँड्नुपरेको अवस्था छ।

यस्तो अवस्थामा आन्तरिक तथा बाह्य पर्यटक जनकपुरलाई दुर्गन्धित वातावरणमा घुम्न विवस रहेका छन्। उनीहरु सडक वरपर वा सडकको किनामा फोहोर डंगुर देखेर वाक्कसमेत भएको हुनुपर्छ। फोहोर उठाउने जिम्मा उपमहानगरपालिकाको हो। जनकपुरधाम उपमहानगरपालिका फोहोर उठाउनुको सट्टा अनदेखा झैँ गरिरहेको छ। यही फोहोरका कारण जनताको स्वास्थ्यमा नकारात्मक समस्या आउनसक्ने देखिन्छ। यसमा उपमहानगरपालिकाले ख्याल गरेको देखिँदैन। जनताको स्वास्थ्यमा केही समस्या भए उपमहानगरपालिका जिम्मेवार हुनुपर्छ। यसको लागि नागरिकस्तरबाट पनि कुरा उठाउनुपर्ने हुन्छ। नागरिकको स्वास्थ्यमा नकारात्मक असर पार्ने खालको फोहोर उठाउनुको सट्टा आखामा पट्टी लगाएर बस्नु निकै लाचारीपन हो। यसमा नगरप्रमुख आफैँले बुझ्नुपर्ने कुरा हो। तर अहिलेसम्म कुनै एक्सन नलिएका कारण जनताको स्वास्थ्यमा पर्नसक्ने सम्भावित असरका बारेमा हामी जनता आफैँ सचेत भई खानपानलगायत दैनिक कार्य गर्दा होसियारी अपनाउनुपर्ने देखिन्छ।

# जनताको मौनता: कुनै ठूलो विस्फोटको संकेत



डा. विजय कुमार सिंह

गएको भदौ २३ र २४ गते युवा वर्ग (जेन–जेड) अचानक सडकमा उत्रियो। सडक प्रदर्शनमा देशमा व्याप्त भ्रष्टाचारसहित समग्र दुव्र्यवस्थाप्रति आक्रोश थियो, सकारात्मक परिवर्तनका लागि दबाब थियो, र त्यसको परिणामस्वरूप छिटो समाधानको आशा थियो। निकास र विकासको स्पष्ट चाहना थियो। जसलाई राज्यले लामो समयदेखि बेवास्ता गरेको थियो। राजनीतिक दलहरू र सरकारको देश–विशेषतः युवा पुस्ताप्रतिको असंवेदनशील रवैया यहीँ देखिन्छ। जेन–जेडको आन्दोलन सत्ता परिवर्तनका लागि होइन, उपेक्षा परिवर्तनका लागि थियो। तर परिणाम अप्रत्याशित र उल्टो भयो– प्रतिक्रियावादी शक्तिहरू सक्रिय भए र अन्तर्राष्ट्रिय शक्तिकेन्द्र पनि सक्रिय रूपमा संलग्न भए।

भदौ २३ को खबरदारी विरोध–प्रदर्शनमा जेन–जेडको वास्तविक उपस्थिति नकार्न सकिँदैन। तर अन्तिम चरणमा विशेषतः भदौ २४ मा आन्दोलनले अचानक आक्रामक र अराजक हिंसात्मक रूप लिनु, अप्रत्याशित निजी तथा महत्वपूर्ण राष्ट्रिय÷सार्वजनिक सम्पत्तिमा आगजनी, तोडफोड, लुटपाट, कुटपिटजस्ता घटनाहरू हुनु। यी सबैले गम्भीर प्रश्न खडा गर्छन्। आशंका जन्माउँछन्। जेन–जेडको आन्दोलन स्वतःस्फूर्त थियो कि कुनै नियोजित षड्यन्त्रको हिस्सा ? यो बहस, आरोप–प्रत्यारोप अझ गहिरिँदै गएको छ।

स्पष्ट छ–जेन–जेडको प्रदर्शनले उग्र रूप लिनु, देशमा अनिश्चितता, संवैधानिक सङ्कट र सरकारको अनुपस्थिति तथा कायमै रोकिएजस्तो स्थितिको सिर्जना हुनु, अनि बाध्यतावश संवैधानिक प्रावधानभन्दा बाहिर गएर संविधानेत्तर, संसदप्रति गैर उत्तरदायी सरकार गठन हुनु, प्रतिनिधिसभा विघटन हुनु, सेनाको सक्रिय तर छद्म भूमिका, राजावादी शक्तिहरूको अचानक सक्रियता, र नयाँ सरकारले 'भूल–सुधार' गर्ने प्रयासस्वरूप चाँडो चुनाव घोषणा गर्नु। यी सबै घटनाहरू जेन–जेड आन्दोलनको उद्देश्यसँग कतै मेल खाँदैनन्; बरु विभिन्न अनिश्चितता र आशंकाको द्वार खोल्छन्। संघीयता र संविधानलाई असफल बनाउन भइरहेका परोक्ष प्रयासहरू र त्यसमा रहेको सुनियोजित षड्यन्त्रका संकेतहरू यतै देखिन्छन्।

जेन–जेडको यो आक्रोशित विद्रोह सामाजिक सञ्जाल बन्द, भ्रष्टाचार, सरकारको सत्ता–लिप्सा, क्षुद्र स्वार्थ, र हठी रवैयेविरुद्धको सशक्त आवाज थियो। तर यो विश्व–राजनीतिमा कतै नदेखिने असामान्य राजनीतिक अराजकता पैदा गर्नका लागि थिएन। खैर, अब अतीतमा फर्कनु उचित छैन। तर मौलिक प्रश्न आज पनि यथावत् छ ः क्या सुशीला कार्की नेतृत्वको सरकारले तोकेको मितिमै चुनाव गराउँदा पटरीमैबाट च्युत भएको सरकार पुनः सही मार्गमा फिर्ता आउन सक्छ ? देश अस्थिरता, असह्य अवस्था र सबै क्षेत्रमा देखिएको अफरातफरीबाट मुक्त हुन सक्छ ? परिवर्तनको आवाजलाई राज्यको आगामी संरचना र सञ्चालनमा समाहित गर्न सकिन्छ ? अस्थायी भए पनि स्थिरता आउला ? निकासको नाममा फेरि उही प्रकारको दुर्घटना दोहोरिने त होइन ? आगामी निर्वाचनले प्रभावकारी विधायिका गठन गर्न सक्ला? कुनै दल वा गठबन्धनले स्पष्ट बहुमत ल्याउन सक्ला ? यदि सक्दैन भने अब के हुन्छ ? कस्तो परिस्थिति जन्मिन्छ ? गम्भीर अनिर्णयबाट उत्पन्न निराशा, अन्यमनस्कता, र गहिरो सङ्कटका बीच अकल्पनीय दुर्घटना वा दुष्परिणामको सम्भावना नकार्न सकिँदैन।

अब प्रश्न यो हो कि अनपेक्षित गम्भीर राजनीतिक शून्यतामा, संवैधानिक सीमाभन्दा बाहिर अनौठो तरिकाले गठित यस सरकारले के गर्नुपथ्र्यो ? र अब के गर्न सक्छ ? संसद विघटन र पुनःस्थापनाको औचित्य के छ ? संघीयता वा संविधान टिक्ला, कमजोर पारिएला कि खारेजीमा पुग्ला ? आजको भू–राजनीति र अन्तर्राष्ट्रिय परिस्थितिहरूले सरकार–प्रशासनमा देखिने प्रत्यक्ष–परोक्ष प्रभाव कता झुकिरहेछ ? नेपालप्रति अन्तर्राष्ट्रिय शक्तिहरूको रुचि कुन दिशामा छ ? यी प्रश्नहरूले जनमानसमा गहिरो जिज्ञासा पैदा गरिरहेका छन्।

जेन–जेडका उद्देश्यहरू पूरा गर्न गाह्रो थिएन,आज पनि छैन। भ्रष्टाचार नियन्त्रण, निर्वाचन प्रणाली÷प्रक्रियामा सुधार, प्रधानमन्त्री तथा सरकार गठन प्रक्रियामा परिवर्तन, प्रदेश–स्थानिय तहमा कर्मचारी व्यवस्थापन सुधार, यी सबै मुद्दा संविधान संशोधनमार्फत समाधानयोग्य थिए। विघटित प्रतिनिधिसभा पुनःस्थापना मार्फत पनि संशोधन सम्भव थियो। तर वर्तमान सरकारले आफ्नो दायित्वभन्दा बढी चुनावलाई प्राथमिकता दियो। यस्तो ठूलो संकटमा पनि केही समय लिएर राष्ट्रिय सहमतिको गम्भीर प्रयास गर्नु आवश्यक थियो, तर भएन या सरकारको क्षमताभित्र त्यो जिम्मेवारी पार गर्न सम्भव भएन। अब मूल प्रश्न—के चुनाव नै देशको एकमात्र निकास हो ? वर्तमान परिस्थितिमा यसको उत्तर सकारात्मक देखिँदैन।

आगामी चुनावपछि पनि कुनै दलले स्पष्ट बहुमत पाउने सम्भावना न्यून छ। ठूला दलप्रति असन्तोष, साना दलहरूको गठबन्धन÷एकीकरण, नयाँ दलहरू दर्ता हुने क्रम यी सबैले देखाइदिएको छ कि आसन्न निर्वाचनबाट निर्णायक प्रतिनिधिसभा बन्ने छाँट छैन। यस्तो अवस्थामा कुनै दलले २०–३० भन्दा बढी सिट ल्याउने सम्भावना पनि कम देखिन्छ। यदि कांग्रेस–एमालेको संयुक्त सरकारले सुशासन दिन असफल रह्यो भने, आगामी चुनाव परिणाम देशलाई झनै गहिरो अस्थिरतामा धकेल्न सक्छ। यस्तो तरल परिस्थितिमा केही दल, अदृश्य शक्ति, र अन्तर्राष्ट्रिय चलखेलहरूले वर्तमान संविधान र संघीयतामाथि नकारात्मक खेल खेल्ने सम्भावना बढ्छ। यदि उनीहरू सफल भए भने देश अर्को ठूलो दुर्घटना, आन्तरिक द्वन्द्व, र जटिल अनिश्चितताहरूमा फस्न सक्छ।

स्पष्टतः नेकपा (एमाले) र नेपाली कांग्रेस नेतृत्वको पछिल्लो सरकार अन्तर्राष्ट्रिय सन्तुलन कायम गर्न असफल रह्यो, र नेपाल अहिले प्रमुख राजनीतिक दलहरूको असफलता तथा दृश्य–अदृश्य राष्ट्रिय÷अन्तर्राष्ट्रिय चलखेलका कारण भयानक भँवरमा फसेको छ। राजनीतिक नेतृत्व देशलाई यस चंगुलबाट निकाल्ने सार्थक प्रयास गर्न नसकिरहेको, असफल देखिएको छ। संविधानको मूल भावना, मर्म र प्रावधानभन्दा बाहिरका राजनीतिक क्रियाकलाप बढिरहेका छन्। नेताहरू जिम्मेवार देखिँदैनन्। सम्झिनु पर्छ–अस्थिरताले केवल आर्थिक संकट, असुरक्षा, र सुशासनको अभाव मात्र उत्पन्न गरिरहेको छैन; विभिन्न क्षेत्रमा भइरहेको अफरातफरीले जनतामा बेचैनी र आक्रोश पनि बढाइरहेको छ। नेपाली जनताको चुप्पीको अर्थ राजनीति नबुझ्नु होइन सायद कुनै ठूलो विस्फोटको संकेत पनि हुन सक्छ।

# केपी ओली र महेश बस्नेतमाथि आक्रमण
## संविधान र दलविहीन राज्यको खतरा



हिरामान लामा

नेपाल आज संवैधानिक र राजनीतिक अस्थिरताको संवेदनशील मोडमा उभिएको छ। विगत केही समयदेखि नेकपा एमाले अध्यक्ष केपी शर्मा ओली र पोलिटब्युरो सदस्य महेश बस्नेतमाथि लक्षित हिंसात्मक गतिविधि, विरोध प्रदर्शन, सार्वजनिक र व्यक्तिगत सम्पत्तिमा तोडफोड र आगजनी भइरहेको छ। यी घटनाहरू केवल दल विशेषको विरोधको सीमाभित्र सीमित छैनन् यसले संविधान, राष्ट्रिय प्रतीक र लोकतान्त्रिक प्रक्रियामाथि प्रत्यक्ष चुनौती प्रस्तुत गरेको छ। विशेष गरी राष्ट्रिय झन्डा ओढेर व्यक्तिगत, दलगत र सार्वजनिक सम्पत्तिमा आक्रमण गर्नु केवल प्रतिकात्मक घटना होइन,संवैधानिक अपमानको स्तरको प्रश्न हो।

राष्ट्रिय झन्डा नेपालको स्वतन्त्रता, संघर्ष र स्वाभिमानको प्रतीक हो। संविधान र कानुनले यसको प्रयोगको स्पष्ट सीमा निर्धारण गरेको छ। राष्ट्रपति, प्रधानमन्त्री, मन्त्रिपरिषद्,संसद्, न्यायालय, सरकारी कार्यालय, सेना, प्रहरी र सशस्त्र प्रहरी कार्यालयहरूमा राष्ट्रिय झन्डा राख्न पाइन्छ। राष्ट्रिय पर्व, कार्यक्रम, सांस्कृतिक ¥याली, खेलकुद, विद्यार्थी र शैक्षिक कार्यक्रम, कूटनीतिक भ्रमण वा अन्तर्राष्ट्रिय सम्मेलनमा यसको सम्मानजनक प्रयोग कानुनसम्मत हुन्छ। तर व्यक्तिगत मनोरञ्जन, पार्टी प्रचार वा अपमानजनक विरोध गर्ने उद्देश्यका लागि झन्डा प्रयोग गर्नु कानुन विपरीत र राष्ट्रिय अपमानको श्रेणीमा पर्छ।

तर विगत केही समयदेखि जेन–जी समूह र राजतन्त्रवादीहरूले राष्ट्रिय झन्डा ओढेर केपी ओली, महेश बस्नेत र एमालेका अन्य नेताहरूलाई लक्षित गर्दै प्रदर्शन गरिरहेका छन्। कैलाली, धनगढी, सिमरा, विराटनगर, सुर्खेतका घटनाहरूले देखाउँछ कि केवल दलविहीन युवाको असन्तुष्टिमा सीमित छैन; यसले संविधान, राष्ट्रिय प्रतीक र लोकतान्त्रिक अभ्यासमाथि प्रत्यक्ष आक्रमण गरिरहेको छ। सिमरा विमानस्थलमा गेट तोड्ने, सुरक्षाकर्मीमाथि आक्रमण गर्ने, सार्वजनिक स्थल र कार्यक्रम स्थलमा आगजनी गर्ने जस्ता घटनाहरूले नागरिक सुरक्षा, सामाजिक व्यवस्था र संविधानसम्मत अधिकारमाथि प्रत्यक्ष चुनौती प्रस्तुत गरेका छन्।

महेश बस्नेत नेकपा एमालेका पोलिटब्युरो सदस्य, पार्टी र संविधानप्रति प्रतिबद्ध नेता हुन्। उनको कुनै अपराध छैन, तर जेन–जी समूहले उनको नाममा एमालेको निरन्तर कार्यक्रम अवरुद्ध गर्दै आएका छन्। संविधानले प्रदान गरेको अधिकार प्रयोग गर्दै पार्टी कार्यक्रम सञ्चालन गर्ने अधिकारमा हस्तक्षेप पूर्ण असंवैधानिक र अस्वीकार्य छ। यदि केपी ओली, महेश बस्नेत र एमाले नेताहरूको सुरक्षा, अधिकार र मानव अधिकारको सुनिश्चित गर्न नसकिने अवस्था सिर्जना भयो भने केवल एमालेका नेता मात्र होइन, सम्पूर्ण पार्टी संरचना र लोकतन्त्रमाथि आक्रमण भएको मान्न सकिन्छ।

वर्तमान सरकार सिमरा, धनगढी, विराटनगर र सुर्खेतमा देखिएका घटनाहरूले संकेत गर्छ कि दलविहीन, कमजोर राज्यको परिकल्पना कार्यान्वयन गरिरहेको छ। पार्टी, नेता र कार्यकर्तामाथि लक्षित हिंसा, केपी ओली माथिको नजरबन्द र संवैधानिक अधिकारमा हस्तक्षेपले राजनीतिक रिक्तता र अस्थिरता फैलाउने प्रयास देखाउँछ। विदेशी शक्तिहरूको चलखेलले स्थिति अझ जटिल बनाएको छ। यदि सरकार, दल र नेताहरू विदेशी एजेन्डामा संलग्न भए भने लोकतन्त्र, स्वाधीनता र राष्ट्रिय स्वाभिमान कमजोर हुन सक्छ।

राष्ट्रिय झन्डा ओढेर एमालेलाई लक्षित गर्ने हिंसात्मक प्रवृत्ति केवल दल विशेषको विरोध होइन; यो संविधान, राष्ट्रिय प्रतीक र लोकतान्त्रिक प्रक्रिया माथि प्रत्यक्ष चुनौती हो। महेश बस्नेत र अन्य नेता संविधानसम्मत अधिकार प्रयोग गर्दै कार्यक्रम सञ्चालन गर्दा अवरोध पु¥याउने प्रयास रोक्न जरुरी छ।

फागुनमा प्रतिनिधि सभा चुनावको तयारी भइरहे पनि परिस्थिति असुरक्षित छ। एमाले अध्यक्ष केपी शर्मा ओलीलाई नजरबन्दको शैलीमा राख्नु, पार्टी कार्यक्रम अवरुद्ध गर्नु र संवैधानिक अधिकारमा हस्तक्षेप गर्नु लोकतान्त्रिक अभ्यासमाथि प्रत्यक्ष चुनौती हो। अस्थिर राज्यमा निर्वाचन सम्पन्न गर्नु कठिन हुन्छ।

दल विशेषलाई संविधानसम्मत अधिकार प्रयोग गर्न नदिँदा देश राजनीतिक शून्यतामा फस्न सक्छ। यदि समयमै निर्वाचन सम्पन्न भएन भने लोकतन्त्र, जनमत र राज्य संरचना कमजोर हुनेछ। यो कुरा एमालेले स्पष्ट बुझेको छ। तर शान्ति सुरक्षा सुनिश्चित नगरी, एमाले अध्यक्ष ओली र महेश बस्नेतको असुरक्षाको बीचमा चुनाव गरिन्छ भन्नु लोकतन्त्रको उपहास हो।

सिमरा विमानस्थलको गेट तोड्ने, सडक, सरकारी कार्यालय र कार्यक्रम स्थलमा आगजनी गर्ने कार्यहरूले केवल राजनीतिक आक्रोश प्रदर्शनको सीमिततामा छैन, यसले सामाजिक सद्भाव, सुरक्षा, जनताको दैनिक जीवन र संविधानसम्मत गतिविधिमा प्रत्यक्ष प्रभाव पार्छ। सार्वजनिक र व्यक्तिगत सम्पत्तिमा हिंसात्मक क्रियाकलाप दोहोरिँदा नागरिकको विश्वास, कानुन र सुरक्षा व्यवस्थामा ठूलो धक्का पुग्छ। यदि राज्यले नागरिक सुरक्षा सुनिश्चित गर्न असफल भयो भने नागरिक विद्रोहको खतरा बढ्छ।

एमाले वर्तमान अवस्थामा आफ्नो ११औँ महाधिवेशनको तयारी गरिरहेको छ। महाधिवेशन उद्घाटन भक्तपुरको सल्लाघारीमा र बन्द सत्र काठमाडौंको भृकुटीमण्डपमा तय गरेको छ। महाधिवेशन नेतृत्व एकीकरण, संगठन सुदृढीकरण र आगामी निर्वाचन तयारीलाई गति दिने उद्देश्यले आयोजना हुँदैछ।

तर, देशभर जेन–जी समूहका नाममा र अन्य युवा सङ्गठनहरूले कार्यक्रम अवरुद्ध गर्ने प्रयास जारी राखेका छन्। संविधानसम्मत हक र राजनीतिक स्वतन्त्रता माथि सिधा आक्रमण भएको यो अवस्था एमालेले स्पष्ट चेतावनीसहित भनेको छ–संविधानसम्मत कार्यक्रम रोक्ने प्रयास स्वीकार्य छैन। दोहोरिए कानुनी र संगठित कदम चालिनेछ। यो कदमका लागि सरकारको भूमिका पनि अपरिहार्य छ।

संविधानसम्मत अधिकार प्रयोगमा हस्तक्षेप, दल र कार्यकर्तामाथि हिंसा, नजरबन्द र कार्यक्रम अवरुद्ध हुनु अस्वीकार्य छ। दल, समूह वा युवा सङ्गठनहरूले हिंसात्मक प्रतिकार नगरी कानुन र संविधानको दायराभित्र विरोध प्रकट गर्नुपर्छ। यदि सरकारले निर्वाचन सम्पन्न गराउन हो भने, सुरक्षा सुनिश्चित गर्ने र दल–दलबीच सन्तुलन कायम गर्ने दायित्व पूरा गर्नुपर्छ। देशको स्थिरता, लोकतन्त्र र निर्वाचनको मार्ग सुरक्षित राख्न सबै पक्षको संयम अपरिहार्य छ।

राजनीतिक शून्यता, संविधान उल्लंघन, दलमाथि हिंसा, सार्वजनिक सम्पत्तिमा तोडफोड, आगजनी र विदेशी हस्तक्षेपले देश, नागरिक र राष्ट्रिय एकता सामाजिक सद्भावमाथि प्रश्न उठाइरहेका छन्। राष्ट्रिय झन्डा प्रयोग संविधान र कानुनले निर्दिष्ट सम्मानजनक दायराभित्र हुनुपर्छ। व्यक्तिगत, दलविहीन वा राजनीतिक प्रदर्शनमा झन्डा प्रयोग गर्नु कानुन विपरीत र राष्ट्रिय अपमानको श्रेणीमा पर्छ।

केपी ओली, महेश बस्नेत र एमाले नेताहरूको नेतृत्वमा संविधान र लोकतन्त्रको रक्षा गर्दै देशले सही दिशा रोज्नु अपरिहार्य छ। राष्ट्रिय झन्डा ओढेर नेता माथि हमला गर्ने शैली, दलविहीन राज्यको परिकल्पना, विदेशी हस्तक्षेप, सार्वजनिक र व्यक्तिगत सम्पत्तिमा हिंसात्मक क्रियाकलाप–यी सबै चुनौतीको सामना गर्न सबै पक्षले संयम अपनाउनुपर्छ। अन्यथा लोकतन्त्र, संविधान र राष्ट्रिय एकतामाथि गम्भीर चोट पुग्नेछ।

नेपालको भविष्य, प्रतिनिधि सभाको पुनस्र्थापना मार्फत राजनीतिक दल र नागरिकको अधिकार सुरक्षित राख्न संविधानसम्मत उपाय अवलम्बन गर्नु आवश्यक छ। राष्ट्रिय झन्डा, नेता र राजनीतिक दलप्रति सम्मान, हिंसा विरुद्ध कानुनी कदम, निर्वाचन समयमै सम्पन्न गर्ने सरकारको प्रतिबद्धता–यी तीन वटै पक्षले संवैधानिक दायित्व पालन गर्नुपर्छ। यदि समयमै सुधार र संयम अपनाइएन भने, दलविहीन राज्य, राजनीतिक रिक्तता र सामाजिक अस्थिरताले देशलाई गम्भीर संकटमा पु¥याउनेछ।

संविधान, राष्ट्रिय प्रतीक, लोकतान्त्रिक अभ्यास र दल संरचना संरक्षण गर्नु अहिले सबैभन्दा ठूलो चुनौती हो। दल, सरकार र नागरिक सबैले कानुन, संयम र सम्मानको ढाँचामा काम गरेमा मात्रै राष्ट्रिय सहमति कायम हुनसक्छ। यदि राजनीतिक हिंसा, विदेशी हस्तक्षेप र संवैधानिक उल्लंघनलाई रोक्न सकिएन भने नेपाल दलविहीन राज्यको मार्गमा प्रवेश गर्नेछ।

राष्ट्रिय झन्डा ओढेर एमालेलाई लक्षित गर्ने हिंसात्मक प्रवृत्ति केवल दल विशेषको विरोध होइन; यो संविधान, राष्ट्रिय प्रतीक र लोकतान्त्रिक प्रक्रिया माथि प्रत्यक्ष चुनौती हो। महेश बस्नेत र अन्य नेता संविधानसम्मत अधिकार प्रयोग गर्दै कार्यक्रम सञ्चालन गर्दा अवरोध पु¥याउने प्रयास रोक्न जरुरी छ।

दल, सरकार र युवा शक्ति सबैले संयम, कानुन र लोकतन्त्रको रक्षा गर्दै संवैधानिक दायराभित्र काम गर्नुपर्छ। यो सरकारले राष्ट्रको भविष्य, नागरिक सुरक्षा र लोकतान्त्रिक प्रक्रिया सुरक्षित राख्न समयमै सुधार, प्रतिबद्धता र जिम्मेवार कदम उठाउन अपरिहार्य छ।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# द्वन्द्व दोहोरिने विषय धेरै हदसम्म काबुमै राखेका छौँः गृहमन्त्री अर्याल

**काठमाडौँ।**

गृहमन्त्री ओमप्रकाश अर्यालले पुनः द्वन्द्व दोहोरिने किसिमका विषय काबुमै राख्न सफल भएको बताएका छन्।

राष्ट्रिय सभाको सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिको बिहिवारको बैठकमा उनले आगामी प्रतिनिधिसभा निर्वाचनको वातावरण बनाउन सरकारले तीव्र गतिमा काम गरिरहेको बताए । 'होस्टालिटीको अवस्था निरन्तर नहोस् । देशको विद्यमान कानुन जे छ त्यो शासन मुताबिक यथावत रूपमा चल्नुपर्छ,' उनले भने, 'द्वन्द दोहोरिने कुरा धेरै हदसम्म हामीले अहिले काबु भित्र राखेका छौँ।'

उनले त्यसका लागि राजनीतिक दल र जेन्जी समूहबीच संवाद चलिरहेको जानकारी दिए । मन्त्री अर्यालले निर्वाचन निष्पक्ष र शान्तिपूर्ण बनाउन सरकार प्रतिबद्ध रहेको उल्लेख गरे । उनले लुटिएका हतियार र फरार कैदीबन्दीको व्यवस्थापन प्रभावकारी रूपमा भइरहेको जानकारी दिए।

साथै प्रहरीको मनोबल बढाउने र क्षतिग्रस्त कार्यालयको पुनःनिर्माणमा नागरिक सहयोग प्राप्त भएको उनको भनाइ छ । उनले जनताले सुरक्षित वातावरणमा मतदान गर्न पाउने विश्वास व्यक्त गरे।

मन्त्री अर्यालले विभिन्न समूहले विविध माग राखी प्रदर्शन, धर्ना, जुलुस र बिरोधलगायतका कार्यक्रम गरिरहेको गतिविधिको सुक्ष्म निगरानी र समन्वयात्मक रूपमा प्रभावकारी सुरक्षा व्यवस्था मिलाइएको समितिलाई जानकारी दिए।

'सुरक्षा निकायबाट परिचालन हुने कर्मचारीलाई आवश्यक बन्दोबस्तका सामान खरिद व्यवस्थापन भइरहेको छ,' उनले भने । उनले जेन्जी आन्दोलनपश्चात् विकसित घटनाक्रम र परिवर्तनसँगै समाजमा घट्ने र घट्न सक्ने उछृङ्खल गतिविधि भएमा वा समस्या परेमा सोको सहजीकरण गर्न सहायता कक्ष स्थापना गरिएको बताए। हेल्प डेस्क नम्बर ९८५१३६०६०३ मा फोन गर्न सकिने बताए।

मन्त्री अर्यालले आगामी प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै तथा देशको समग्र शान्ति सुरक्षालाई ध्यानमा राखी हालसम्म चार पटक केन्द्रीय सुरक्षा समितिको बैठक बसी निर्वाचन सुरक्षा रणनीति निर्माणलगायतका जम्मा २० वटा निर्णय गरिएको बताए । उनकाअनुसार आगामी निर्वाचनलाई लक्षित गरी म्यादी प्रहरी भर्ना गर्ने योजना अघि बढाइएको छ।

त्यसैगरी मन्त्री अर्यालकाअनुसार भाद्र २३ र २४ गतेको घटनासँग सम्बन्धित अपराधमा संलग्नमध्ये कुल ५९५ जनालाई पक्राउ गरिएको तथा २८३ जनालाई विभिन्न कसुरमा मुद्दा दर्ता गरिएको छ। अहिलेसम्म ७२३ थान हतियार फिर्ता ल्याइएको उनले जानकारी दिए। कारागार तथा बन्दी गृहबाट फरार भएका १४ हजार ५५४ कैदीबन्दीमध्ये नौ हजार ६९७ लाई फिर्ता ल्याइसकिएको छ । उनले बाकी चार हजार ८५७ कैदीबन्दी फिर्ता ल्याउन विशेष 'अपरेसन' सञ्चालन गरिएको उल्लेख गरे।

आगामी निर्वाचनको समयमा सेना परिचालनको लागि रक्षा मन्त्रालयमा लेखि पठाइ राष्ट्रिय सुरक्षा परिषद्बाट निर्णयसमेत भइसकेको उनले जानकारी दिए।

निर्वाचनलाई ध्यानमा राख्दै सुरक्षा निकायको सुदृढीकरणका लागि नेपाल प्रहरीतर्फ नियमित बजेटबाट १५६ वटा र थप बजेटबाट १०६ वटा गरी कुल २६२ थान सवारी, सशस्त्र प्रहरीतर्फ नियमित बजेटबाट ५९ वटा र थप बजेटबाट ५० वटा गरी कूल १०९ सवारी र राष्ट्रिय अनुसन्धान विभागतर्फ थप छ वटा सवारी खरिदका लागि स्रोत सुनिश्चित गरी खरिद प्रक्रिया अगाडि बढाइएको उनले बताए।रासस

# कर प्रणालीको सरलीकरण र नीतिगत समन्वय अपरिहार्यः मन्त्री खनाल

**रुपन्देही।**



अर्थमन्त्री रामेश्वरप्रसाद खनालले देशको आर्थिक विकासलाई तीव्र गतिमा अगाडि बढाउन पुँजीगत खर्चको क्षमता अभिवृद्धि, कर प्रणालीको संरचनागत सुधार र आर्थिक नीतिहरूबीच समन्वय आवश्यक रहेको बताएका छन्।

अर्थमन्त्री खनालले अहिले अर्थतन्त्रले नीतिगत स्थिरताभन्दा बढी कार्यान्वयनको समस्या भोगिरहेको स्पष्ट पारे। सिद्धार्थ उद्योग वाणिज्य सङ्घ भैरहवामा आज भएको अन्तरक्रिया कार्यक्रममा उनले पुँजीगत खर्च र कार्यान्वयनमा जोड दिए । नेपालको प्रमुख आर्थिक चुनौती बजेटको आकार नभई खर्च गर्ने क्षमता रहेको अर्थमन्त्री खनालले औँल्याए । कमजोर पुँजीगत खर्चले विकास निर्माणमा गतिरोध आएको उनको भनाइ थियो।

'हाम्रो समस्या बजेटको आकारमा छैन, समस्या त खर्च गर्ने क्षमतामा छ। पुँजीगत खर्च गर्ने प्रणालीमा देखिएको ढिलासुस्ती र कमजोर कार्यान्वयन पक्षलाई तत्काल सुधार गर्नुपर्छ', अर्थमन्त्री खनालले भने। उनले नीति र योजनालाई प्रभावकारी बनाउन हरेक तहमा प्रक्रियाको सरलीकरण अपरिहार्य रहेको बताए। साथै, सार्वजनिक खर्च र परियोजनाको कार्यान्वयनमा पारदर्शिता र जवाफदेहिता कायम गर्नुपर्नेमा उनको जोड थियो।

लगानी आकर्षित गर्न वर्तमान कर प्रणाली जटिल र झन्झटिलो रहेको स्वीकार गर्दै मन्त्री खनालले कर प्रणालीमा ठूला सुधार आवश्यक रहेको बताए। करदाता र कर प्रशासनबीच विश्वासको वातावरण स्थापित गर्नुपर्ने तथा कर तिर्ने प्रक्रियालाई सहज बनाउन पूर्ण रूपमा डिजिटलाइज्ड गर्ने र अनावश्यक कागजी प्रक्रिया हटाउने उनले बताए। उनले कर प्रणालीलाई सरल, पारदर्शी र पूर्वानुमानयोग्य नबनाएसम्म ठूलो लगानी आउन नसक्ने बताए।

अर्थमन्त्री खनालले आर्थिक विकासको इन्जिनको रूपमा रहेको निजी क्षेत्रलाई विश्वास गरेर उनीहरूलाई काम गर्ने स्वतन्त्रता दिनुपर्नेमा जोड दिए। सरकार नियन्त्रणकारी नभई सहजीकरणको भूमिकामा रहनुपर्ने र लगानीकर्तालाई फाइल बोकेर भौंतारिनुपर्ने अवस्थाको अन्त्य गर्न 'एकल बिन्दु सेवा'लाई प्रभावकारी बनाइने उनको भनाइ थियो । यसका साथै, उनले आर्थिक नीति र मौद्रिक नीतिबीच पूर्ण समन्वय हुनुपर्नेमा जोड दिँदै यी दुई नीतिलाई एकै लयमा हिँडाएर बजारमा अस्थिरता आउन नदिने प्रतिबद्धता व्यक्त गरे।

औपचारिक व्यापारलाई संस्थागत गर्न भैरहवा भन्सारले जाँचपास परीक्षण कार्यालयको स्थापना गरी आर्थिक पारदर्शिताको सुरुवात गरेको अर्थमन्त्री खनालले बताए । सबै व्यवसायी खराब नहुने भन्दै उहाँले केही व्यवसायीका कारण समस्या आउने र व्यवसायी तथा सरकारको सम्बन्ध सुमधुर हुनुपर्ने जिकिर गरे।

भूमि व्यवस्थापन नियमावली कार्यान्वयनमा रहेको उल्लेख गर्दै अर्थमन्त्री खनालले कृषि क्षेत्र तथा भूमि र जग्गा प्लटिङको नियमलाई सरकारले व्यवस्थापन गर्न सुरु गरेको जानकारी दिए । उनले पर्यावरणिय सन्तुलनलाई क्षति नपुग्ने तरिकाले ढुङ्गा गिट्टी निकासीको ठूलो सम्भावना रहेको बताए । गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल निर्माणस्थल निर्माणपछि व्यवसायीले यस क्षेत्रमा अर्बौँ रुपैयाँ लगानी विभिन्न क्षेत्रमा गरेको भन्दै अर्थमन्त्री खनालले यो विमानस्थल पूर्ण सञ्चालनमा आफूले सहजीकरण गरिरहेको बताए।

उद्योगी तथा व्यवसायीले अर्थमन्त्री रामेश्वरप्रसाद खनालको ध्यानाकर्षण गराउँदै गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थललाई तत्काल पूर्ण क्षमतामा सञ्चालन गर्न माग गरेका छन् । सिद्धार्थ उद्योग वाणिज्य सङ्घका अध्यक्ष नेत्रप्रसाद आचार्यले विमानस्थल सञ्चालनमा नआउँदा निजी क्षेत्रले गरेको अर्बौँ रुपैयाँ लगानी धरापमा परेको भन्दै देशको आर्थिक समृद्धिको अपेक्षा पूरा गर्न अर्थमन्त्रीको महत्वपूर्ण भूमिका रहने बताए।

उद्योग बाणिज्य महासङ्घ लुम्बिनी प्रदेशका अध्यक्ष कृष्णप्रसाद शर्माले प्राकृतिक स्रोत (गिट्टी–बालुवा, खनिज) निकासीमा व्यवसायीमैत्री नियम नहुँदा निर्यात गर्न नसकिएको बताए । उनले नेपालमा रहेको प्राकृतिक स्रोत त्यत्तिकै नासिएर जानुभन्दा उनिहरुको सदुपयोग गरी राज्यलाई ठूलो रकम प्राप्त गर्न सकिने भएकोले यसतर्फ सरकार गम्भीर हुनुपर्ने धारणा राखे । कार्यक्रममा सङ्घका पूर्वअध्यक्षहरु ठाकुरकुमार श्रेष्ठ, कुलप्रसाद न्यौपाने, विष्णु शर्मालगायतले निजी क्षेत्रले सरकारसँग स्थिर, विश्वसनीय र दीर्घकालीन नीतिगत वातावरणको अपेक्षा गर्दै कर तथा प्रशासनिक सुधारका लागि आग्रह गरे।

निकासी उद्योगलाई दिइँदै आएको अनुदान कटौती भएकाले निर्यात प्रवद्र्धनका लागि तत्काल नीति निर्माण गर्न र सिमेन्ट, जडीबुटीलगायत वस्तु निकासीका लागि नगद अनुदानको माग उद्योगीहरुले राखे। देशका विभिन्न भन्सार नाकामा फरक–फरक नियम हुँदा भैरहवा भन्सारमा मात्र ओभरलोडको नाममा ढुवानीमा रोक लगाइएकाले नीतिगत असमानता हटाउन रसीमा क्षेत्रमा अवैध चोरीतस्करी बढेको र यसले वैध व्यापारमा गम्भीर असर पु¥याएको भन्दै सीमा सुरक्षा र अनुगमनका लागि प्रभावकारी भूमिका खेल्नुपर्नेमा उनिहरुको जोड थियो। कार्यक्रममा अर्थ मन्त्रालयका सचिव डा घनश्याम उपाध्याय, सहसचिव उत्तमकुमार खत्री, भन्सार विभागका महानिर्देशक श्यामप्रसाद भण्डारी, राजस्व अनुसन्धान विभागका महानिर्देशक तीर्थराज चिलुवाललगायत सहभागी थिए।रासस

# श्रमिक–कर्मचारीको सामाजिक सुरक्षालाई बोझका रूपमा नलिन प्रधानमन्त्रीको आग्रह

**काठमाडौँ।**

प्रधानमन्त्री सुशीला कार्कीले आफ्ना श्रमिक–कर्मचारीको सामाजिक सुरक्षालाई बोझको रूपमा नलिन निजी क्षेत्रसँग आग्रह गरेका छन । आठौँ सामाजिक सुरक्षा दिवसका अवसरमा बिहिवार सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आयोजित समारोहलाई सम्बोधन गर्दै उनले श्रमिकको सामाजिक सुरक्षालाई शानको रूपमा लिन अनुरोध गरे।

परिपूर्ण सामाजिक सुरक्षाबिना सामाजिक न्याय सम्भव नहुने उल्लेख गर्दै प्रधानमन्त्री कार्कीले नेपाल जस्तो मुलुकमा सामाजिक सुरक्षा अन्तरपुस्ता लागत सन्तुलन र समतामूलक बनाउन योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन हुनुपर्ने बताए । 'यसको सफल कार्यान्वयनबाट नै हुनेले नहुनेलाई, धनीले गरिबलाई, निरोगीले रोगीलाई प्रणालीबद्ध रूपले सहयोग गर्ने सामाजिक ऐक्यबद्धताको सिद्धान्तमा आधारित उत्पादनमूलक समाजको निर्माण हुने रहेछ', उनले भने।

एकीकृत, दिगो र सक्षम सामाजिक सुरक्षा प्रणाली निर्माण गर्न सरोकारवालाबाट उठान भएका विषय सम्बोधन गर्न छलफल भइरहेको उनले जानकारी दिए । 'औपचारिक क्षेत्रको अनिवार्य आबद्धताको कार्यान्वयन, अनौपचारिक क्षेत्रका श्रमिकलाई कानुनी रूपमा गर्नुपर्ने सह–योगदानमा सङ्घीय सरकारले कति गर्ने, सरकारी संयन्त्रअन्तर्गत करारमा रहेका कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आबद्ध भएको महसुस कसरी गराउनेलगायत विषय सम्बोधन हुने विश्वास दिलाउँछु', उनले भने।

दिन प्रतिदिन आकार बढ्दै गएको सामाजिक सुरक्षा कोषलाई राष्ट्र निर्माणमा कसरी उपयोग गर्ने भन्ने सन्दर्भमा पनि गृहकार्य हुन आवश्यक रहेको उल्लेख गर्दै प्रधानमन्त्रीले प्रत्येक श्रमिक र रोजगारदाताले जम्मा गरेको रकम सार्थक परिणाम दिने क्षेत्रमा लगानी गर्नुपर्नेमा जोड दिए।

श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालयका सचिव कृष्णहरि पुस्करले श्रमिक–कर्मचारीका पक्षमा कोष स्थापना भएको स्पष्ट गर्दै सामाजिक सुरक्षा योजनामा आबद्धता वृद्धि र निरन्तरता तथा जनचेतना अभिवृद्धि गर्न मन्त्रालय प्रतिबद्ध रहेको बताए।

संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (जेटियुसिसी)का अध्यक्ष जगत सिङ्खडाले सामाजिक सुरक्षा योजनालाई अझ परिष्कृत गर्दै योगदानकर्तामैत्री बनाउँदै लैजानुपर्नेमा जोड दिए। सामाजिक सुरक्षा योजनाको पूर्णकार्यान्वयन नहुँदा आमश्रमिक सामाजिक सुरक्षाबाट वञ्चित हुँदै आएको उल्लेख गर्दै अध्यक्ष सिङ्खडाले अनौपचारिक क्षेत्रका श्रमिकको योगदान रकममा साझेदारी गर्न सरकार तयार हुनुपर्ने बताए।

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षाको दायरामा ल्याउनु चुनौतीपूर्ण रहेको उल्लेख गर्दै त्यसतर्फ सरोकारवालाले गम्भीर भएर सोच्नुपर्ने बताए। सामाजिक सुरक्षा कोषमा जम्मा भएको योगदान रकम उचित क्षेत्रमा परिचालन गर्नुपर्नेमा जोड दिँदै कोषको सेवा 'डिजिटलाइजेसन' र दायरा विस्तारमा ध्यान दिन आग्रह गरे।

अन्तरराष्ट्रिय श्रम सङ्गठन (आइएलओ)को नेपाल निर्देशक नुमान ओज्कानले नेपालमा असल श्रम सम्बन्धको वातावरण बनाउन सङ्गठनले काम गरिरहेको बताए । कोषका कार्यकारी निर्देशक कविराज अधिकारीले औपचारिक क्षेत्रका छ लाख ४९ हजार ५११, वैदेशिक रोजगारीमा रहेका १९ लाख ९६ हजार ५७९, अनौपचारिक क्षेत्रका ७९९ र स्वरोजगार क्षेत्रका ५८२ श्रमिक योजनामा आबद्ध भइसकेका जानकारी दिए।

सो अवसरमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयअन्तर्गतका राष्ट्रिय समाचार समिति, गोरखापत्र संस्थान, सार्वजनिक प्रशारण सेवा नेपाल, प्रेस काउन्सिल नेपाल र सामाजिक सुरक्षा कोषबीच मातहतका कर्मचारीलाई सामाजिक सुरक्षामा आबद्ध गराउने बारेमा समझदारी भएको थियो।

कोषका अनुसार बुधबारसम्म साढे २६ लाख नागरिक योगदानमा आधारित सामाजिक सुरक्षाको छाताभित्र समेटिएका छन्। कोषले श्रमिकका लागि औषधि उपचार, स्वास्थ्य तथा मातृत्व, दुर्घटना अशक्तता, आश्रित परिवार सुरक्षा र वृद्धावस्था सुरक्षा योजना सञ्चालन गरिरहेको छ । उल्लेखित योजनाबाट श्रमिक र तिनका परिवारले विभिन्न सुविधा र सहुलियत प्राप्त गर्दै आइरहेको कोषले जनाएको छ।

कोषमा हालसम्म ९५ अर्ब ६८ करोड रुपैयाँ योगदानमा आधारित रकम सङ्कलन भइसकेको छ। कोषबाट दुई लाख ५३ हजार १४३ श्रमिकले विभिन्न सुविधाबापत १७ अर्ब ७२ करोड रुपैयाँ दाबी भुक्तानी लिएका छन् । कोषले योगदानकर्तालाई स्वास्थ्य सुविधाको अतिरिक्त बचतको व्याज, निश्चित अवधिपछि मासिक पेन्सन, घर सापटी, शैक्षिक सापटीलगायत सहुलियत प्रदान गर्दै आइरहेको छ।रासस

# 'बोलेरै खान्छ भन्थ्यौँ, त्यही विद्यार्थी मन्त्री बनेपछि खुसी छौँ'

**दोलखा।**

काँचका पर्दामा नेताहरूलाई खरो प्रश्न सोध्ने आफ्नो विद्यार्थी जगदीश खरेल मन्त्री बनेपछि उनलाई विद्यालय शिक्षा दिने यहाँका गुरुहरू खुसी छन् । सञ्चार तथा सूचना प्रविधिमन्त्रीका रूपमा गाउँमा स्वागत गर्न पाउँदा कालीनाग माध्यमिक विद्यालयका निवर्तमान प्रधानाध्यापक रामबहादुर सिवाकोटीको खुसीको सीमा थिएन। सिवाकोटीले खरेललाई मन्त्री वा सञ्चारकर्मीका रूपमा भन्दा बढी आफ्नो विद्यार्थीका रुपमा सम्झीने गर्छन।

उत्तरी दोलखाको सिँघटीमा आयोजित हालैको एक कार्यक्रमका क्रममा सिवाकोटीले खरेललाई पढाउँदाका दिनको विगत सम्झना ताजा भएको बताए । 'खरेल विद्यार्थीकालमै भाषण कलामा तेज थिए, उनी तथ्य र तर्कसहित गज्जबको प्रस्तुति दिन्थे, विद्यालयका तत्कालीन प्रधानाध्यापक देवराज शर्माले यो भाइले बोलेरै खान्छ भन्नुहुन्थ्यो, नभन्दै त्यस्तै भयो', उनले सुनाए।

बाल्यकालका तिनै विद्यार्थी खरेल हाल मन्त्री बनेका छन। करिब २५ वर्ष टेलिभिजनका पर्दामा तथ्यलाई अगाडि सारेर नेता तथा राज्य सञ्चालकलाई खरो प्रश्न गर्ने उनको शैली धेरैले मन पराए। टेलिभिजन कर्मबाट विकास र सुशासनका पक्षमा आवाज उठाएकै कारण आज खरेल मन्त्री बनेका छन।

निर्वतमान प्रधानाध्यापक सिवाकोटी आफूले पढाएको विद्यार्थीलाई मन्त्रीका रूपमा विद्यालयमा स्वागत तथा अभिनन्दन गर्न पाउँदा एकछिन भावुक भए। उनले भने, 'हामीले पढाएको विद्यार्थी मन्त्री भए, हाल विद्यालयमा पढिरहेका विद्यार्थी पनि भोलि यो ओहदामा पुग्छन् भन्ने मेरो विश्वास अझ बलियो भएको छ। यसका लागि विद्यार्थीले अवसर पाउनुपर्ने र शिक्षक तथा अभिभावकले अवसर दिनुपर्ने आवश्यकता छ ।' सिवाकोटी फेरि बाल्यकालमै फर्कीए। उनका अनुसार विद्यालयमा हुने वक्तृत्वकला, सांस्कृतिक पर्व, मेलाहरूमा खरेलको आवाज छुट्दैनथ्यो। वाककलामा मात्रै होइन, खेलकुदमा पनि उनि उत्तिकै अब्बल थिए। सहभागी भएपछि पदक नजित्ने कुनै खेल थिएनन्।

सिवाकोटीको भनाइ सुनेपछि सञ्चारमन्त्री खरेलले आफू एउटा जिम्मेवारीका साथ सरकारमा पुगेको र इमान्दारिताका साथ काम गरिरहेको बताए। उनले भने, 'हाल म जुन जिम्मेवारीमा छु, यो सम्पूर्ण उपलब्धिको श्रेय विद्यालय र गुरुवर्गलाई सुम्पन चाहन्छु।'

खरेलले सुनखानीको कालीनाथ माध्यमिक विद्यालयमा कक्षा १ देखि प्रवेशिका (१० कक्षा) सम्मको अध्ययन गरेका थिए। सञ्चारमन्त्री बनेपछि पहिलोपटक गृहजिल्ला पुग्नुभएका मन्त्री खरेललाई विद्यालयले भव्य कार्यक्रमबीच अभिनन्दन गरेको थियो। उनलाई अभिनन्दन गरेपछि सिवाकोटीले फेरि भने, 'एउटा गुरुको हैसियतले मैले धेरै गर्न सकिन होला, जीवनमा कति काम लाग्ने कुरा सिकाएँ त्यो भन्न सक्दिनँ, तर जे भए पनि तपाई यहाँसम्म आफ्नो मेहनत, इमान्दारिता र लगशीलताका कारण पुग्नुभएको हो, थपबढी प्रगतिको शुभकामना दिन्छु।'

सञ्चारमन्त्री खरेलले विद्यार्थी तथा अभिभावकले सपना बोकेर र कल्पना गरेर मात्र नहुने भन्दै जीवन सफल बनाउनका लागि ठूलो त्याग र मेहनत आवश्यक हुने धारणा राखे । उनले विद्यालयमा उपस्थिति बालबालिकालाई लक्षित गर्दै भने, 'अल्छीपन जीवनको शत्रु हो, त्यसैले जे कुरा गर्न चाहनुहुन्छ, आजैबाट सुरु गर्नुस् अनि तपाई सफल हुनुहुन्छ । बच्चाको सफलताका लागि अभिभावकले व्यवहार, आचरण र सभ्यता सिकाउनु पर्छ ।'अध्ययन, खेलकुद, भाषणलगायत सबैखाले प्रतियोगितामा सुनखानीका विद्यार्थी अब्बल रहेको उल्लेख गर्दै मन्त्री खरेलले विद्यालयमा राजनीति नगर्न शिक्षक र अभिभावकलाई अनुरोध गरे।

विद्यार्थी रोशन आचार्यले पनि मन्त्रीका रूपमा अग्रजलाई स्वागत गर्न पाउँदा खुसी लागेको सुनाए। उनले भने, 'टेलिभिजनको पर्दामा देखेको व्यक्ति मन्त्री भएर विद्यालय आउँदा हामीलाई निकै खुसी लागेको छ, हामीलाई मेहनत गर्नका लागि अझ बढी हौसला मिलेको छ।'

त्यस अवसरमा जिल्ला समन्वय समितिका प्रमुख बर्जुराम घतानीले सञ्चारमन्त्रीलाई आफ्नो कार्यकालमा केही उदाहरणीय र दीर्घकालीन महत्त्वका कामलाई प्राथमिकता दिन सुझाव दिए।

कालिञ्चोक—७ का वडाध्यक्ष रामबहादुर पाण्डेले मन्त्री पाएकामा गौरवको अनुभूति भएको बताउँदै वडामा इन्टरनेट पूर्वाधार विकासका लागि सहजीकरणको अपेक्षा गरे । नागरिक समाज दोलखाका अध्यक्ष दीपशङ्खर चौलागाईंले खरेललाई सञ्चारमन्त्रीका रूपमा पाउँदा दोलखावासी खुसी भएको बताए । उनले परिवर्तनलाई आत्मसात् गरी नागरिक अधिकारको सुनिश्चित गर्न सबै गम्भीर हुनुपर्नेमा जोड दिए। प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद रिसालले विद्यालयको उन्नयनमा भूमिका खेलिनुपर्नेमा जोड दिए। विद्यालयका प्रधानाध्यापक ऋषिराम शर्माले विद्यालयको शैक्षिक गुणस्तर बढाउन विभिन्न प्रयास भइरहेको जानकारी दिए।

यस्तै, कालिञ्चोक गाउँपालिका–८ का अध्यक्ष सूर्यबहादुर आचार्यले जिल्लाको धार्मिक पर्यटन विकासका लागि समन्वय र सहकार्य जरूरी भएको उल्लेख गरे।

सञ्चारमन्त्री खरेल कालिनाथ माध्यमिक विद्यालय प्राङ्गणमा आउने क्रममा स्थानीयवासीले उनको स्वागतका लागि फूलका गुच्छा लिएर सडकका दुई किनारमा धेरै सङ्ख्यामा जम्मा भएका गाउँले लामबद्ध देखिन्थे। उनलाई पञ्चेबाजाको धुनले स्वागत गरिएको थियो। सडकदेखि करिब एक किलोमिटरको पैदल यात्रामा स्थानीयको भव्य स्वागत लिएर विद्यालय प्राङ्गण प्रवेश गर्दा सयौँ विद्यार्थीले हातहातमा फूल र अबिर लिएर सञ्चारमन्त्रीको स्वागत गरेका थिए।

भ्रमणका क्रममा मन्त्री खरेलले सरकारी कार्यालयका प्रमुखहरूसँग अन्तरक्रियासमेत गरेका थिऐ। उनले सुशासन प्रवद्र्धनका लागि नागरिक सेवालाई चुस्त र प्रभावकारी बनाउन निर्देशन दिएका थिए। उनले निर्वाचनका लागि सरकारले सम्पूर्ण तयारी गरेको र राजनीतिक दलहरूले पनि निर्वाचन माहोल बनाइरहेको भन्दै यसलाई सफल बनाउन आ–आफ्नो क्षेत्रबाट सक्रिय भूमिका खेल्न पनि आग्रह गरे।

चरिकोटमै नेपाल पत्रकार महासङ्घ जिल्ला शाखाले आयोजना गरेको स्वागत तथा भेटघाट कार्यक्रममा पनि मन्त्री खरेल सहभागी भए । जिल्लाका विभिन्न राजनीतिक दलका प्रतिनिधि, स्थानीय तहका जनप्रतिनिधिलगायतसँग पनि सञ्चारमन्त्रीले भेटघाट तथा अन्तरक्रिया गरे । मन्त्री खरेलले जिल्लाका विभिन्न सरकारी कार्यालयको निरीक्षणसमेत गरेका थिए।उनले त्यहाँको कालिनाग मन्दिर र भीमेश्वर मन्दिरमा पूजाअर्चनासमेत गरेका थिए।रासस

# सामुदायिक बीउ बैङ्कको संरक्षण र बिस्तार आवश्यक

**कर्णाली।**
कर्णालीमा सामुदायिक बीउ बैङ्कको वर्तमान अवस्था र बिस्तारको आवश्यकताबारे प्रदेशस्तरीय नीति संवाद सम्पन्न भएको छ।

प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, जैविक विविधता अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (लिबर्ड), अक्सफाम र सामुदायिक बीउ बैङ्क सङ्घ नेपालको संयुक्त आयोजनामा बुधबार सुर्खेतको वीरेन्द्रनगरमा आयोजित नीति संवादमा प्रदेशमा पाइने रैथाने जात तथा विभिन्न प्रजातिका बीउ बैङ्क, तिनको संरक्षण र बिस्तारसम्बन्धी छलफल भएको हो।

संवादमा धौलिगाड कृषि सहकारी संस्था तातोपानी गाउँपालिका हाँकु जुम्ला अध्यक्ष कविता जैसीले स्थानीय बाली विविधता संरक्षण, उपभोग तथा प्रवद्र्धनमा सामुदायिक बीउ बैङ्कले गरेका असल अभ्यास तथा सिकाइ र पञ्चकोशी समाज सुधार सहकारी संस्था दैलेख दुल्लु नगरपालिकाका अध्यक्ष पूर्णबहादुर शाहीले दुल्लुमा सामुदायिक बीउ बैङ्क स्थापनाका लागि भइरहेका प्रयासबारे प्रस्तुतिमार्फत जानकारी दिए।

संवादमा बीउ बैङ्क सङ्घ नेपालका सल्लाहकार पिताम्बर श्रेष्ठले कर्णाली प्रदेश बीउ बैङ्कका बारेमा संवादको आवश्यकता र औचित्य, बीउ बैङ्कको विविधीकरण, संरक्षणमा भएका राष्ट्रिय तथा अन्तरराष्ट्रिय प्रयासका विषयमा आफ्नो प्रस्तुति राखे।

स्थानीय विविधता, संरक्षण, उपभोग तथा प्रवद्र्धन, बीउको सहज आपूर्तिका लागि सामुदायिक बीउ बैङ्कको महत्त्व उजागर गर्न संवादले सहयोग गर्ने उनले बताए।

श्रेष्ठले सुदूरपश्चिमको डोटी र कोशी प्रदेशको झापा जिल्लामा गरिएका बीउ बैङ्कका गतिविधिलाई औँल्याउँदै 'कर्णालीको आवश्यकता, एक पालिका एक सामुदायिक बीउ बैङ्कको व्यवस्थाः सामुदायिक बीउ बैङ्क स्थापना तथा व्यवस्थापनका लागि प्रदेश सरकारको संलग्नता' हुने लक्ष्यका साथ अगाडि बढेर बीउको गुणस्तर र आपूर्ति गर्ने संयन्त्र निर्माणमा आवश्यक पहल गरिने बताए।

लिबर्डका वरिष्ठ कार्यक्रम अधिकृत निरञ्जन पुडासैनीले नेपालमा सामुदायिक बीउ बैङ्कको बिस्तारका लागि लिबर्डबाट भएका पहलबारे जानकारी दिए। उनले सन् २००३ देखि सामुदायिक बीउ बैङ्क स्थापना, संरक्षण र प्रवद्र्धन गर्दै आएको जनाउँदै हालसम्म २६ वटा सामुदायिक बीउ बैङ्कको स्थापना गरी सञ्चालनमा ल्याइएको बताए।

सहकारी मन्त्रालय योजना महाशाखाका वरिष्ठ कृषि प्रसार अधिकृत बखतबहादुर खड्काले स्थानीय जातका बीउ प्रवद्र्धनका लागि सरकारबाट भएका नीतिगत व्यवस्था, योजना र कार्यक्रमबारे जानकारी दिँदै स्थानीय जातका बीउ सङ्कलन र संरक्षण हुनेगरी प्रदेश सरकारले प्राङ्गारिक, बीउबिजनलगायत विभिन्न ऐन निर्माण गरिएको बताए । प्रदेश सरकारले विभिन्न स्थानीय जातका बीउहरुको संरक्षण, प्रवद्र्धन र विस्तारका लागि लागि परेको उनको भनाइ थियो।

उनले भने, 'कर्णाली प्रदेशमा रैथाने बीउ र जैविक विविधतासम्बन्धी भएका नीतिगत प्रयास भएका छन् । कर्णाली प्रदेश अग्र्यानिक कृषि ऐन, २०७६ जुन कर्णाली प्रदेश सरकारको पहिलो क्याबिनेट बैठकको निर्णयबाट (२०७४ फागुन ६ गते) कर्णाली प्रदेशमा अग्र्यानिक कृषिको आधारहरु खडा गरी रैथाने बालीको संरक्षण र प्रवद्र्धन गर्न सहयोग पुगेको छ।'

कर्णाली प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री विनोदकुमार शाहले बीउ बैङ्क स्थापनाका लागि आवश्यक पर्ने कानुन बनाउन सरकार तयार रहेको बताए। बीउ र त्यसको उत्पादन क्षेत्रमा विशेष ध्यान दिएर आगामी दिनहरुमा सरकारले बजेट निर्माण तथा कानुन बनाउने धारणा उनले व्यक्त गरे।

कर्णाली प्रदेश योजना आयोगका उपाध्यक्ष सूर्यनाथ योगीले सरकारले बीउ बैङ्क स्थापनाका लागि दोस्रो पञ्चवर्षीय योजनामा समावेश गरेर काम थालेको बताए । मन्त्रालयका सचिव सञ्जीवकुमार कर्णले बीउको उपलब्धता, पहुँच र उपयोगितालाई ध्यान दिँदै पञ्जीकरण एवं अभिलेखीकरणमा जोड दिइने बताए। रासस

# बचत तथा ऋण सहकारीहरूको अभिलेखीकरणका लागि अब 'सफ्टवेयर'

**ललितपुर ।**
राष्ट्रिय सहकारी नियमन प्राधिकरणले बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारीहरूको दर्ता अभिलेखीकरणका लागि 'सफ्टवेयर' प्रणाली शुभारम्भ गरेको छ । प्राधिकरणले बुधबार यहाँ सार्वजनिक कार्यक्रम गरी सहकारीका सञ्चालक तथा व्यवस्थापन पक्षको भौतिक उपस्थिति विना नै स्वचालित 'अनलाइन' प्रणालीबाट सहकारीको दर्ता अभिलेखीकरणको सुरुआत गरेको हो ।

दर्ता अभिलेखीकरणको सुरुआतको जानकारी दिन आयोजित कार्यक्रममा राष्ट्रिय सहकारी नियमन प्राधिकरणका अध्यक्ष डाक्टर खगराज शर्माले सहकारी पनि कर्जा सूचना केन्द्रको सदस्य बन्न सक्ने व्यवस्था गरिएको जानकारी दिए । उनले निक्षेप तथा कर्जा सुरक्षण कोषमा समावेश हुने विषयमा पनि सहज बनाउने बताए । 'सहकारीको कर्जा सुरक्षा गर्ने सन्दर्भमा हामी ध्यान दिनेछौँ, सहकारी ऐनले भनेअनुसार बचत तथा ऋणको कारोबार गर्न, बहुउद्देश्यीय र कृषि सहकारीहरुलाई समन्वय र सहजीकरण गरिरहेका छौँ, समस्या समाधानका विभिन्न उपायहरू अवलम्बन गरेर सहकारी पीडितहरू दिनदिनै सडकमा आउने अवस्थाको अन्त्य गर्छौं', उनले भने ।

अध्यक्ष शर्माले सम्पत्ति शुद्धीकरणको विषयमा ध्यान दिएर सहकारीलाई निश्चित प्रणालीमा ल्याउन ध्यान दिने कुरामा जोड दिँदै विगतमा सृजना भएको समस्यालाई सबै पक्ष मिलेर समाधान गर्नुपर्ने धारणा राखे ।

राष्ट्रिय सहकारी महासङ्घका उपाध्यक्ष डिबी बस्नेतले प्राधिकरणले लागू गरेको प्रणालीले सहकारी संस्थाको सङ्ख्याअनुसार काम गर्न सक्नेगरी प्रणालीको सहज व्यवस्थापन गर्न आग्रह गरे । उनले प्राधिकरणका कर्मचारीले सहकारी संस्थालाई सहयोग र समन्वय गरेर दर्ता अभिलेखीकरणका लागि सहज गरिदिन आग्रह गरे ।

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी सङ्घका कोषाध्यक्ष दीपक थापाले प्रारम्भिक सहकारी संस्थाहरूलाई वित्तीय पृष्ठपोषण र सहजीकरण आवश्यक भएको भन्दै सहकारी नियमन प्राधिकरणले शासकभन्दा पनि सहजकर्ताको भूमिकामा रहेर काम गर्न सक्नुपर्नेमा जोड दिए ।

राष्ट्रिय सहकारी बैङ्कका प्रमुख कार्यकारी अधिकृत बद्री गुरागाईंले तथ्याङ्कको व्यवस्थापन र सम्पत्ति शुद्धीकरणमा सञ्चालनमा आएको प्रणालीले सहयोग पुग्ने विश्वास व्यक्त गरे । उनले हाल सुरुआत भएको प्रणालीमा अझै सुधार गरी सहज र प्रभावकारी बनाउन आग्रह गरे ।

कार्यक्रममा बाग्मती प्रदेश सहकारी सङ्घका अध्यक्ष रामशरण शर्मा घिमिरे, प्राधिकरणका कार्यकारी निर्देशक सहसचिव डाक्टर शेषनाराण पौडेललगायतले सहकारीका समस्या समाधान गर्दै अगाडि बढ्नुपर्नेमा जोड दिए ।

बचत तथा ऋणको कारोबार गर्ने मुख्य उद्देश्य राखेर देशभर दर्ता भएका सहकारीको नियमन, सुपरिवेक्षण र अनुगमनका लागि सरकारले २०८१ माघ १४ गते सहकारी नियमन प्राधिकरण गठन गरेको थियो ।रासस

# प्रोत्साहनका कार्यक्रमले उद्यमशील बन्दै पौवादुङमा महिला



**भोजपुर ।**
पौवादुङमा गाउँपालिकाले 'उपाध्यक्ष आत्मनिर्भर कार्यक्रम'मार्फत महिलालाई उद्यमशीलता, स्वरोजगार र आर्थिक आत्मनिर्भरतामा जोड दिँदै विभिन्न आयमूलक कार्यक्रम सञ्चालन गरेको छ ।

गाउँपालिकाले महिलाको क्षमता, सीप र उपलब्ध स्रोतअनुसारका गतिविधिलाई प्राथमिकतामा राख्दै सम्पूर्ण वडामा महिलामैत्री नमूना कार्यक्रम विस्तार गरेको हो ।

गाउँपालिका उपाध्यक्ष ज्योत्स्ना राईका अनुसार यस कार्यक्रमअन्तर्गत महिलालाई उद्यमतर्फ उन्मुख गर्न सीपमूलक तालिम, गाईपालन, बङ्गुरपालन, बाख्रापालन, कुखुरापालन, सागसब्जी तथा फलफूलखेती, गड्यौँला मल उत्पादन, साना उद्योग सञ्चालनलगायत कार्यक्रमसञ्चालन भएका छन् ।

'हामीले महिला उद्यमशीलतालाई मुख्य उद्देश्य बनाएका छौँ', उनले भने, 'दिदी–बहिनीको इच्छा, सीप र क्षमताअनुसार कार्यक्रम अगाडि बढाएका छौँ । अहिले धेरै महिलाहरू आयआर्जनमा सक्रिय छन् । भविष्यमा अझ विविध कार्यक्रम सञ्चालन गर्ने तयारीमा छौँ ।'

गाउँपालिकाले महिलालाई लक्षित गरेर कार्यक्रम सञ्चालन गरेपछि उद्यममा जोडिन सहज भएको स्थानीय देउकुमारी तामाङले बताए । गाईपालनबाट आफूले मासिक १० रुपैयाँ देखि १५ हजारसम्म आम्दानी गर्न थालेको उनले बताए ।'गाउँपालिकाले महिला विकास बोर्डमार्फत सञ्चालन गरेको कार्यक्रमले हामी महिलालाई प्रत्यक्ष लाभ पुगेको छ', उनले भने,

गाउँपालिका उपाध्यक्षको 'नेतृत्वमा महिला विकास बोर्ड' नै गठन गरेर महिला लक्षित कार्यक्रम सञ्चालन गरिरहेको गाउँपालिका अध्यक्ष किरण राईले बताए । गाउँपालिकाबाट सञ्चालन हुने हरेक कार्यक्रममा महिलालाई अनिवार्य सहभागी गराउने व्यवस्था छ ।रासस

# पातपतिङ्गरबाट जैविक मल उत्पादन गर्दै स्थानीय



**गण्डकी ।**
पोखरा महानगर–१८ स्थित ठोट्ने खोला सामुदायिक वन उपभोक्ता समूह सराङकोटले जैविक मल उत्पादन सुरु गरेको छ ।

सो समूहले वन क्षेत्रमा थुप्रिएको पातपतिङ्गर र झाडी सङ्कलन गरी जैविक मल उत्पादन सुरु गरेको हो । वातावरण संरक्षण, जैविक विविधता प्रवद्र्धन तथा माटोको उर्वराशक्ति वृद्धि गर्दै प्राकृतिक स्रोत उपयोग गरेर हरित रोजगार सिर्जना गर्ने मुल उद्देश्यका साथ समूहले जैविक मल उत्पादनमा जोड दिएको समूहका अध्यक्ष दिनेश श्रेष्ठले जानकारी दिए ।

उनका अनुसार समूहले वन क्षेत्रको अँधेरीकुनामा सङ्कलन गरेको वन पैदावारलाई नवीनतम् प्रविधि प्रयोग गरी मलमा परिणत गरेको छ । समूहले पहिलो पटक ३५ हजार किलो मल उत्पादन गरेर बिक्री गरेको छ । ठोट्ने खोला कृषि सहकारी संस्था लिमिटेडमार्फत् समूहले बजारीकरण गरिरहेको छ । जैविक मल प्रति किलो २५ रुपैयाँ र गडेँउले (वर्मि) मल प्रति किलो ४० रुपैयाँमा बिक्री हुँदै आएको छ । समूहले पहिलो पटक उत्पादित मल बिक्री गरी १३ हजार रुपैयाँ आम्दानी गरेको छ ।

अध्यक्ष श्रेष्ठले भने, 'जैविक मल प्रयोगले माटोको जैविक तत्व वृद्धि गर्ने, उर्वराशक्ति दिगो राख्ने र रसायनिक अवशेषमुक्त उत्पादनलाई प्रोत्साहन गर्नेछ ।' सामुदायिक वन उपभोक्ता महासङ्घ नेपालको 'एक वन, एक उत्पादन' अभियान अन्तर्गत सुरु गरिएको परियोजनाबाट हरित रोजगार सिर्जना हुनाका साथै जैविक कृषि अभ्यास बढ्ने र वातावरण अनुकूलन उत्पादन प्रणाली विस्तार हुने उनको भनाई छ ।

पातपतिङ्गरलाई आधुनिक मेसिनद्वारा कटिङ गरी सानो आकारको बनाएर हरियो प्लाष्टिक टनेल भित्र राखिन्छ । सो टनेलमा गँड्यौलाको प्रयोग गरी मल बनाउने गरिन्छ । सो कार्यका लागि जैविक विविधता अनुसन्धान र विकास पहल (लिवर्ड) ले २५ हजार गँड्यौलासहित आवश्यक भौतिक संरचना निर्माणमा सहयोग गरेको छ ।

हरियो पातपतिङ्गरको प्रति केजी तीन र सुकेको प्रति केजी पाँच रुपैयाँका दरले वन समूहले खरिद गर्दा चार लाख रुपैयाँ भन्दा बढी खर्च भएको जनाइएको छ । गण्डकी प्रदेश सरकार कृषि तथा भूमि व्यवस्था मन्त्रालय कृषि विकास निर्देशनालय माटो तथा मल गुणस्तर परीक्षण प्रयोगशालाको प्रतिवेदन अनुसार आवश्यक मापदण्ड पूर्ण भएको प्रमाणित भइसकेको छ ।

उत्पादित मलमा चिस्यान ८ दशमलव १, पिएच ६ दशमलव २, नाइट्रोजन १ दशमलव ३, फस्फोरस ० दशमलव ५, पोटासियम ३ दशमलव ०३ र कार्वन २५ दशमलव ३४ प्रतिशत रहेको प्रयोगशालाको प्रतिवेदनमा उल्लेख छ । समूहका सदस्य एवम् कृषि प्राविधिक प्रशान्त श्रेष्ठकाअनुसार समूहले कौशीखेतीका लागि पाँच र कृषिका लागि २० केजीको मलको प्याकेट तयार गरेको छ ।

उहाँले डिभिजन वन कार्यालय कास्कीले भौतिक पूर्वाधार निर्माणका लागि चार लाख ५० हजार रुपैयाँ र गण्डकी जलाधार जलवायु उत्थानशील कार्यालयले कृषि पाठशाला सञ्चालनका लागि तीन लाख ५० हजार रुपैयाँ प्राप्त भएको जानकारी दिए ।


८६ दशमलव ७५ हेक्टरमा फैलिएको उक्त वनमा हाल १९२ घरपरिवार उपभोक्ता छन् । गण्डकी प्रदेशअन्तर्गत नवलपुर जिल्लास्थित विनयत्रिवेणी गाउँपालिकाको विनयी सामुदायिक वन समूहले विगतदेखि जैविक मल उत्पादन गर्दै आएको छ । पछिल्लो समय गाउँपालिकाले अपनत्व लिएको सो उद्योगमा हाल ८० जनाले प्रत्यक्ष रोजगार प्राप्त गरेको समूहले जनाएको छ ।रासस

# श्रीलङ्कामा भारी वर्षा र पहिरोका कारण ३१ जनाको मृत्यु

श्रीलङ्कामा हाल आएको भारी वर्षा र पहिरोका कारण ३१ जनाको मृत्यु हुनुका साथै १४ बेपत्ता जना भएको विपद् व्यवस्थापन केन्द्र (डिएमसी) ले बिहीबार जनाएको छ। केन्द्रका अनुसार बाढीका कारण हजारौ मानिसहरु विस्थापित भएका छन्।

डिएमसी केन्द्रको पछिल्लो प्रतिवेदन अनुसार, चरम मौसमी प्रकोपले १७ वटा जिल्लाहरूमा असर गरेको छ भने एक हजार १५८ परिवारका करिव चार हजार व्यक्तिहरू प्रभावित भएका छन्। डिएमसीले १० जना घाइते भएको, तीनवटा घर पूर्ण रूपमा ध्वस्त भएको र ३८१ वटा घर आंशिक रूपमा क्षतिग्रस्त भएको जनाउदै कम्तिमा १३१ जनालाई अस्थायी सुरक्षित केन्द्रमा सारिएको उल्लेख गरेको छ।

डिएमसीका अनुसार वाढीका कारण पुर्ण प्रभावित बदुल्ला जिल्लामा सबै भन्दा बढी १८ जनाको मृत्यु भएको छ भने केगालेमा ७ र नुवारा एलियामा ४ जनाको मृत्यु भएको छ। यसै गरी हम्बनटोटा र कुरुनेगलामा एक–एक जनाको मृत्यु भएको छ। निरन्तरको वर्षाले मध्य र पाहाडी क्षेत्रहरूमा थप बाढी र पहिरो निम्त्याई सडक बन्द हुन सक्ने चेतावनी अधिकारीहरूले दिएका छन्।



मौसमी अवस्था बिग्रँदै जाँदा परीक्षा विभागले बिहीबार, शुक्रबार र शनिबारका लागि निर्धारित विश्वविद्यालयका परीक्षाहरू स्थगित गर्ने घोषणा गरेको छ। भारी वर्षाले गर्दा थुप्रै जिल्लामा यातायात अवरुद्ध भएको छ भने प्रमुख सडकहरू बन्द छन् ।आपतकालीन टोलीहरूले उच्च जोखिममा रहेका क्षेत्रहरूमा खोजी र उद्धार कार्यहरू जारी राखेका छन् भने सरकारले जनतालाई पहिरो र बढ्दो जलस्तरप्रति सतर्क रहन आग्रह गरेको छ। एजेन्सी

# पर्यटकको रोजाइमा 'बोराबाध'



**सुनसरी।**
यहाँको बराहक्षेत्र नगरपालिका–६ स्थित सप्तकोशी नदी किनारमा रहेको 'बोराबाध' पछिल्लो समय पर्यटकको रोजाइमा पर्न थालेको छ । नदी किनारको मनोरम दृश्य, सूर्यास्तको आकर्षक झल्को तथा 'क्याम्प फायर', रिसोर्ट, 'कफी सप' र खाजा पसल थपिँदै गएपछि यहाँ दैनिक चहलपहलसमेत बढ्दै गएको छ।
व्यवसायी बिकुल श्रेष्ठले केही वर्षअगाडिसम्म सुनसान रहने यो ठाउँमा हाल पर्यटकको चहलपहल बढ्दै गएको बताए। उनले यही मङ्सिर १ देखि क्याम्प फायरमा सञ्चालनमा ल्याएको र जसमा १० जना कामदार रहेका बताए । स्थानीय परिकार, लोकल कुखुराको मासु, सेकुवा, सुकुटी तथा कोशीको ताजा माछा मुख्य रोजाइमा पर्न गरेका श्रेष्ठले बताए।
चार वर्ष विदेश बसेर स्वदेश फर्किनुभएका श्रेष्ठले यसअघि दूध डेरी, सफारी सञ्चालन र ग्यारेज व्यवसाय सञ्चालन गर्नुभएको थियो, हाल सबै छोडेर पर्यटन प्रवर्द्धनका लागि क्याम्प फायर सुरु गरेको बताए । उनले भने 'यहाँ पर्यटकको सङ्ख्या बढेकाले हाल व्यवसाय निकै राम्रो छ। राति बस्न चाहनेका लागि पनि व्यवस्था मिलाएका छौँ । प्रतिव्यक्ति एक हजार रुपैयाँमा टेन्ट र सिरक–डस्नासहित सुविधा उपलब्ध छ।'
'बोराबाध' विशेषगरी सप्तकोशी नदीको वार्षिक कटान रोक्न बोरामा सिमेन्ट भरेर बनाइएको छ । यही बाँधका कारण यस स्थानलाई 'बोराबाध' नामले चिनिन थालिएको स्थानीय बताउँछन् । पहिले दुई–तीनवटा रूख मात्र रहेको, गर्मीमा फाटफुट मानिस आउने यस क्षेत्रमा हाल दैनिक धेरै मानिस आउन थालेका छन् । केही समयअघि यहाँ एकवटा चटपटे पसल मात्र थियो, हाल रिसोर्ट, क्याम्प फायर, खाजा पसल र कफी सप गरी आधा दर्जनभन्दा बढी व्यवसाय सञ्चालनमा छन्।
स्थानीय भीषण राईका अनुसार दिउँसो र बिहानभन्दा सूर्य अस्ताउँदा यहाँ पर्यटकको अत्यधिक भीड लाग्छ। दैनिक दुई हजारदेखि दुई हजार ५०० पर्यटक यहाँ आउने गरेका छन् भने त्यो सङ्ख्या शनिबार पाँच हजारभन्दा बढी पुग्ने गरको छ।
'पहिले सूर्य उदाउँदो हेर्न मानिसहरू इलामको श्रीअन्तु पुग्छन् भने भन्ने सुनेका थियौँ, हाल सूर्यास्त हेर्न 'बोराबाध' आउने गर्छन्। सूर्य अस्ताउँदा कोशीमा उज्यालो पर्ने भएकाले तस्बिर र भिडियो खिच्नकै लागि भए पनि यहाँ पर्यटकको भीड लाग्ने गरेको छ', उनले भने।
हाल सुनसरीका इटहरी, धरान, इनरुवा साथै मोरङ, झापा र विराटनगरका विभिन्न ठाउँबाट दैनिक रूपमा धेरैजसो पर्यटक आउने गरेका छन् । इटहरीबाट साथीहरूसहित घुम्न आउनुभएकी सरिता श्रेष्ठ भन्छन, 'पहिले हामी बराहक्षेत्र घुम्न आउँदा चतरापुल र मन्दिरसम्म पुग्थ्यौँ, हाल बोराबाध मुख्य आकर्षण बनेको छ । साँझपख दिनभरिको भन्दा धेरै रमाइलो हुन्छ । सूर्यास्तमा कोशीमा फोकस पर्छ । फोटो खिच्नकै लागि भए पनि हप्तामा दुई–तीनपटक आउँछौँ।'
प्राकृतिक सौन्दर्य, सूर्यास्तको मनमोहक दृश्य, कोशी किनारको खुला भू–दृश्य, क्याम्प फायरको आकर्षण र स्थानीय खानाका कारण 'बोराबाध' पर्यटकका लागि नयाँ गन्तव्यका रूपमा स्थापित हुँदै गएको छ। यसले स्थानीयस्तरमा रोजगार, व्यवसाय वृद्धि र आयमा सकारात्मक प्रभाव पारिरहेकाले थप पूर्वाधार विकास गरी लाभ लिनुपर्ने स्थानीयको माग छ।रासस

# पशुपतिनाथ मन्दिरभित्रका फलामे बार हटाइने

**काठमाडौँ ।**
विश्वसम्पदा सूचीमा सूचीकृत पशुपतिनाथ मन्दिरबाट फलामका बार हटाइने भएको छ ।
पशुपतिनाथ मूल मन्दिरभित्र भक्तजनलाई लाममा राख्न सजिलो हुने भनेर राखिएको फलामको बारले सम्पदालाई असर गर्ने भएपछि हटाउने तयारी गरिएको पशुपति क्षेत्र विकास कोषले जनाएको छ ।
कोषका निमित्त सदस्यसचिव सुभाषचन्द्र जोशीले मूल मन्दिरभित्र लाम व्यवस्थित गर्न राखिएको फलामलाई काठ र डोरीले प्रतिस्थापित गरिने जानकारी दिए ।
पुरातत्व विभागले पनि कोषलाई फलामका बार र फलामबाट बनाइएको आकाशेपुल हटाउन भनेको थियो । विभागका प्रमुख पुरातत्व अधिकृत सन्दीप खनालले विश्वसम्पदा क्षेत्रलाई यसरी राखिएका फलामे सामग्रीले असर गर्ने भएपछि हटाउन पत्राचार गरिएको जानकारी दिए ।रासस

# परीक्षण सफल भएपछि चिस्यान केन्द्र निरन्तर सञ्चालनमा

**तनहुँ ।**
जिल्लाको व्यास नगरपालिका–११ स्थित गैह्राबारीमा तीन रोपनी क्षेत्रफलमा निर्माण गरिएको चिस्यान केन्द्रको परीक्षण सफल भएपछि नियमित रूपमा सञ्चालनमा आएको छ ।
किसानबाट उत्पादित एक सय ६१ बोरा बीउ आलु र खायन आलु परीक्षणका रूपमा भण्डारण गरिएकामा उक्त परीक्षण सफल भएपछि नियमित सञ्चालनमा ल्याइएको नगरपालिकाले जनाएको छ । एक सय तीस मेट्रिकटन क्षमताको चिस्यान केन्द्र गण्डकी प्रदेश सरकार र व्यास नगरपालिकाको संयुक्त लगानीमा केन्द्र निर्माण गरिएको हो । किसानद्धारा उत्पादित आलु नगरपालिकाले निःशुल्क रूपमा परीक्षण गरेको कृषि, पशुपन्छी तथा सहकारी विकास उपशाखाकी प्रमुख समीक्षा पोखरेलले जानकारी दिए । उनले भने, 'आलु भण्डारण गर्दा क्षति भएमा त्यसको जोखिम नगरपालिकाले व्योहोर्ने जनाएपछि भण्डारण गरिएको हो ।'
नगरपालिकाका योजना शाखा अधिकृत भेषराज तिवारीले प्रारम्भिक ठेक्का रकम एक करोड ६२ लाख ३२ हजार २४६ रुपैयाँ रहेकामा थप १९ लाख ९८ हजार ६२७ रुपैयाँ वृद्धि भई करसहित निर्माण सम्पन्न हुँदा करोड ९१ लाख ३२ हजार ७२२ रुपैयाँ पुगेको जानकारी दिए ।
विद्युत् ट्रान्समिटर जडान कार्यमा ढिलाइ हुँदा सञ्चालनमा ल्याउन एक वर्ष ढिला भएको थियो । वर्षौंदेखि व्यक्तिले कब्जा गरेर भोगचलान गर्दै आएको सार्वजनिक जग्गा नगरपालिकाले संरक्षण गरी चिस्यान केन्द्र निर्माण गरेको हो ।
योसँगै नगरपालिकामा उत्पादन भएका आलु, सुन्तलालगायत फलफूल र तरकारी पूर्ण रूपमा भण्डारण गरी राख्न सकिने प्रमुख प्रशासकीय अधिकृत सुकदेव लम्सालले बताए । नगरमा चिस्यान केन्द्र निर्माण भएपछि वार्षिक करिब पाँच करोड रुपैयाँ बाहिरिनबाट रोकिने उनले जानकारी दिए । व्यासमा चिस्यान केन्द्र सञ्चालनमा आएपछि आलु, फलफूल, तरकारीलगायत कृषिउपज भण्डारण गरी सुरक्षित राख्न सकिने छ । यसका साथै कृषिउपज भण्डारणका लागि पोखरा र चितवन लैजानुपर्ने समस्या अन्त्य हुने व्यास नगरप्रमुख वैकुण्ठ न्यौपानेले बताए ।
केन्द्र सञ्चालनमा आएसँगै कृषिउपज भण्डारणमा सहज हुने भएपछि यहाँका किसान उत्साहित भएका छन् । विशेषगरी आलु, सागसब्बी तथा अन्य कृषिउपजको दीर्घकालीन भण्डारण गरी बजारमा मूल्य सन्तुलन कायम गर्न चिस्यान केन्द्र महत्त्वपूर्ण हुने नगरपालिकाले जनाएको छ ।रासस

# आठौँ सामाजिक सुरक्षा दिवसः साढे २६ लाख नागरिक सामाजिक सुरक्षाको छाताभित्र

**काठमाडौँ ।**
'सामाजिक सुरक्षाः सर्वव्यापी स्वस्थ्य सेवाको पहुँच, पेन्सनयोग्य समाज र उत्पादकत्व अभिवृद्धिसहित नागरिक जीवनको रक्षा' भन्ने नाराका साथ आज आठौँ सामाजिक सुरक्षा दिवस मनाइँदै छ । 'असल श्रम सम्बन्धको आधार सामाजिक सुरक्षा र रोजगार'लाई मूल मन्त्र मानेर आठ वर्षअघि योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमको घोषणा गरिएको दिनको सम्झनामा बिहिवार मनाइएको छ ।
प्रधानमन्त्री सुशीला कार्कीको प्रमुख आतिथ्यतामा सिंहदरबास्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा विशेष समारोह आयोजना गरिएको छ ।
नेपालको संविधानमा उल्लिखित सामाजिक सुरक्षासम्बन्धी मौलिक हकलाई कार्यान्वयन गर्न सरकारले २०७५ मङ्सिर ११ गते योगदानमा आधारित सामाजिक सुरक्षा योजनाको औपचारिक घोषणा गरेको थियो ।
श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षाको हक सुनिश्चित तथा योगदानकर्तालाई सामाजिक सुरक्षा प्रदान गर्ने उद्देश्यसहित स्थापित कोषको नेतृत्वमा सामाजिक सुरक्षा योजना कार्यान्वयनमा छन् ।
सबै श्रमिकलाई यस योजनामा आबद्ध गराई आर्थिक तथा सामाजिक जोखिमको न्यूनीकरण गर्ने, सर्वव्यापी सामाजिक सुरक्षाको अवधारणालाई मूर्तरूप दिने तथा योगदानमा आधारित सामाजिक सुरक्षाको संवैधानिक व्यवस्थालाई सुनिश्चित गर्ने दिशातर्फ कोषका कार्यक्रम लक्षित रहेका कार्यकारी निर्देशक कविराज अधिकारीले जानकारी दिए ।
'बढ्दै दायरा, लाभान्वित हुँदै श्रमिक'
कोषले औपचारिक क्षेत्रका साथै वैदेशिक रोजगारी, अनौपचारिक र स्वरोजगार क्षेत्रका श्रमिकलाई पनि सामाजिक सुरक्षाको दायरामा ल्याइरहेको छ ।
बुधबारसम्म साढे २६ लाख नागरिक योगदानमा आधारित सामाजिक सुरक्षाको छाताभित्र समेटिएका कोषले जनाएको छ । त्यसमा औपचारिक क्षेत्रका छ लाख ४९ हजार ५११, वैदेशिक रोजगारीमा रहेका १९ लाख ९६ हजार ५७९, अनौपचारिक क्षेत्रका ७९९ र स्वरोजगार क्षेत्रका ५८२ श्रमिक छन् ।
कोषले श्रमिकका लागि औषधि उपचार, स्वास्थ्य तथा मातृत्व, दुर्घटना अशक्तता, आश्रित परिवार सुरक्षा र वृद्धावस्था सुरक्षा योजना सञ्चालन गरिरहेको छ । यी योजनाबाट श्रमिक र तिनका परिवारले विभिन्न सुविधा तथा सहुलियत प्राप्त गर्दै आइरहेको कार्यकारी निर्देशक अधिकारीले बताए ।
कोषमा हालसम्म ९५ अर्ब ६८ करोड रुपैयाँ योगदान रकम सङ्कलन भइसकेको छ । दुई लाख ५३ हजार एक सय ४३ श्रमिकले विभिन्न सुविधाबापत १७ अर्ब ७२ करोड रुपैयाँ दाबी भुक्तानी लिइसकेका छन् । कोषले योगदानकर्तालाई स्वास्थ्य सुविधाका अतिरिक्त बचतको ब्याज, निश्चित अवधिपछि मासिक पेन्सन, घर सापटी, शैक्षिक सापटीलगायत सहुलियत प्रदान गर्दै आइरहेको छ ।रासस

# सडक बनाउन स्थानीयको दश लाख सहयोग

**म्याग्दी ।**
आफ्ना घरआँगनलाई सडक सञ्जालसँग जोड्न काठमाडौँमा रहेका म्याग्दीको धौलागिरि गाउँपालिका–१ गुर्जावासीले १० लाख रुपैयाँ सहयोग गरेका छन् ।
गुर्जा समाजका अध्यक्ष लीलमाया छन्त्यालका अनुसार देउसीभैलो र सांस्कृतिक कार्यक्रमबाट सङ्कलन भएको १० लाख रुपैयाँ धौलागिरि गाउँपालिकला–२ लुलाङदेखि देउराली हुँदै गुर्जाको भैँसीमाने खोल्सासम्म पुगेको सडकलाई विस्तार गरी गुर्जा गाउँसम्म पु¥याउन पालिकालाई प्रदान गरिएको हो ।
यसअघि गुर्जाको ख्याली नाच समूहले रु एक लाख र हिमाली आमा समूहले दुई लाख रुपैयाँ सहयोग गरेका थिए ।
गुर्जामा सडक पु¥याउन सङ्घ सरकारले एक करोड ४० लाख रुपैयाँ , गाउँपालिकाले ३५ लाख रुपैयाँ , सहरी विकास मन्त्रालयबाट तीन करोड रुपैयाँ र गण्डकी प्रदेश सरकारबाट ५० लाख रुपैयाँ बजेट विनियोजन भएको गुर्जाका वडाध्यक्ष झकबहादुर छन्त्यालले बताए ।रासस

# जेन्जी आन्दोलनका सहिदः 'सहिद घोषणा मात्रै होइन, न्याय पनि चाहिन्छ'

**अर्घाखाँची ।**
समयको पाना फेरिँदै गए पनि जेन्जी आन्दोलनका क्रममा सहिद भएका व्यक्तिहरुको परिवारको मनमा लागेको घाउ भने अझै पनि रगताम्य छ । आफ्नो परिवारको सदस्य गुमाउनु पर्दाको पीडा एकातिर छभने उनीहरुको बलिदानीअनुसार राज्यमा परिवर्तन आउँदैन कि भन्ने चिन्ता पनि उत्तिकै रहेको छ । जेनजी आन्दोलनका क्रममा गत भदौ २३ गते काठमाडौँको बानेश्वरमा प्रहरीको गोली लागेर मृत्यु हुनुभएका अर्घाखाँची भूमिकास्थान नगरपालिका–४ धारापानीका माधव सारु मगरको परिवारमा पनि यो पीडा र चिन्ता रहेको पाइन्छ ।
परिवारले छोरा गुमाएको दुःखमाथि सरकारले दिएको प्रतीक्षाको बोझ बोकिरहेका छन् । औपचारिक रूपमा सहिद घोषणा भएको सुन्दा एकछिन मन बलियो बने पनि खोइ त त्यो सम्मानसँगै आउने जिम्मेवारी ? परिवार आज पनि यही प्रश्नले तड्पिएको छ । बीस वर्षीय सहिद माधव सारू मगरको परिवार आज पनि न्यायको प्रतीक्षामा छ ।
सहिद माधव सामान्य किसान परिवारका सम्भावना बोकेका युवा थिए । बुटवलको कान्ति माविबाट १२ कक्षा पास गरेपछि भविष्य खोज्दै काठमाडौँ धाए । पढाइमा अब्बल, सबैसँग सहज बोल्ने, अनुशासित र सक्रिय युवाका रूपमा टोल–समुदायमा सबैले चिन्थे उनलाई । बढ्दो भ्रष्टाचार, राज्य संयन्त्रको बेथिति र युवापुस्ताको भविष्यसँग खेलवाड भइरहेको अनुभूति गर्दा माधव जेन्जी आन्दोलनमा सहभागी भएका थिए । परिवर्तनका लागि सडकमा उत्रने निर्णय उनको अन्तिम यात्राको कारण बन्न पुग्यो ।
आन्दोलनका क्रममा हाम्रो परिवारको सदस्य गुमेको छ, त्यसको पीडा हामीलाई छँदैछ, राज्यले जति सुकै गरे पनि त्यसको पूर्ति पारिवारिक हिसाबले हुन सक्दैन माधवका बुबा चन्द्र भन्छन, 'तैपनि राज्यले सम्झेको छ, सहिद घोषणा गरेको छ र केही क्षतिपूर्ति पनि दिएको छ, त्यसका लागि हामी आभार व्यक्त गर्न चाहन्छौँ तर त्योभन्दा अझ बढी हाम्रो अपेक्षा के हो भने अहिले युवा पुस्ताले जुन खालका आवाजहरू सडकमा उठाएको थियो–राज्यमा व्याप्त भ्रष्टाचार, बेथिति, निराशा, बेरोजगारीको



विकराल र बढ्दो समस्या, यो देशमा केही पनि सम्भव छैन भनेर युवाहरू विदेश पलायन पनि भइरहेका थिए । अब त्यो खालको आवाज फेरि अर्को पुस्ताले उठाउनु नपरोस् ।'
पछिल्ला नौ वर्ष कतारमा काम गरिरहेका माधवका बुबा चन्द्रबहादुर छोराको मृत्युको खबर पाएलगत्तै स्वदेश फर्किए । सरकारबाट सहिद परिवारको पुनःस्थापनाबारे स्पष्ट योजना आउन ढिलाइ भएपछि घरको आर्थिक भारले थिचिएर उनि फेरि विदेशिन बाध्य भएका छन । रोजगारीको लागि र घरमा रहेका श्रीमती तथा छोरा, छोरी पाल्नका लागि केही दिनअघि फेरि रोजगारीको लागि कतारमा गए । परिवारमा अहिले श्रीमती, १२ वर्षीय छोरा र १० वर्षीया छोरी छन् । छोराले कक्षा ७ मा र छोरीले कक्षा ५ मा अध्ययन गरिरहेका छन् । आन्दोलनमा सहभागी हुनु अपराध थिएन, तर निहत्था युवामाथि गोली चलाउने अधिकारी आजसम्म कारबाही बाहिर रहेको परिवारको गुनासो छ । माधवकी आमा मधु सारु भने अझै पनि शोकबाट उठ्न सक्नुभएको छैन ।
उनि भन्छन, 'घरमा माधवको कोठा, किताब र गीत बजाउने बानी सबै उस्तै छन्, तर माधव मात्र छैनन् ।' उनको मौनता र आँसु घरैभरि छ । पीडाको प्रत्यक्ष प्रमाण बनेर बसेको छ ।
पुत्र शोकको पीडा सहँदै आमा मधु भनिन, 'देशका लागि जसले ज्यान दियो, त्यहीका परिवारलाई देशले बचाउन सक्दैन भने हामीले कसरी गर्व गर्ने ?' उनको गुनासो छ । 'देश बदल्ने सपनामा लागेका छोरालाई हामी गुमायौँ तर त्यो सपनालाई मर्न दिनुहुँदैन । जबसम्म न्याय स्थापित हुँदैन, तबसम्म छोराको बलिदानको अर्थ अधुरै रहन्छ ।' गोली हान्नेहरूलाई कानुनी सजाय दिनु र सहिद परिवारका लागि स्वदेशमै स्थायी रोजगारी प्रदान गर्नुपर्नेमा उनको जोड रहेको छ ।
परिवारको जेठो छोरा माधव परिवारकै मुख्य सहारा थिए । बुटवलको कान्ति माध्यमिक विद्यालयबाट १२ कक्षा पास गरी रोजगारी र पढाइका लागि काठमाडौँ जानुभएका उनि परिवर्तन, सुशासन र प्रणाली सुधारको सपना बोकेर जेन्जी आन्दोलनमा सहभागी भएका थिए । तर निहत्था आन्दोलनकारी माथि गोली प्रयोग हुँदा उहाँको कलिलो उमेरमै जीवन समाप्त भयो ।
उनका साथी पुस्कर पौडेल भन्छन 'माधव एउटा व्यक्ति मात्र होइन, युवापुस्ताको पीडा र आक्रोशको प्रतिनिधि थिए । उनको मृत्युले परिवर्तन खोज्ने पुस्ता कति असुरक्षित छ भन्ने सन्देश दिएको छ । जबसम्म उनीहरुको योगदानको सम्मान हुँदैन, सहिदको आत्मा शान्त हुँदैन ।' माधवको बलिदानलाई अर्थपूर्ण बनाउन राज्यले पारदर्शी छानबिन, दोषीमाथि कारबाही र सहिद परिवारको पुनःस्थापनामा गम्भीरता देखाउन ढिलाइ गर्नुहुँदैन उनि भन्छन ।रासस

# समुन्नत नेपाल पार्टीको औपचारिक यात्रा प्रारम्भ

**राहुल गुप्ता**
**बारा।**

देशमा नयाँ सोच, नयाँ ऊर्जा र नयाँ राजनीतिक संस्कृतिको प्रतिज्ञासहित समुन्नत नेपाल पार्टीले औपचारिकरूपमा आफ्नो यात्रा शुरु गरेको घोषणा गरेको छ। पार्टी सभापति सर्वेन्द्र खनालले ऐतिहासिक दिनका रूपमा वर्णन गर्दै राष्ट्रनिर्माणलाई केन्द्रमा राखेर अघि बढ्ने दृढ संकल्प व्यक्त गरे।



खनालले यो पार्टी केबल नयाँ राजनीतिक दल मात्र नभई 'समुन्नत, स्वाभिमानी र सक्षम नेपाल' बनाउने पुस्ताको साझा सपना भएको बताए। उनले पार्टी गठनमा साथ, सुझाव र प्रेरणा दिने सबैप्रति आभार व्यक्त गर्दै विशेषगरी जुझारु युवा तथा जेन्जी पुस्ताले दिएको ऊर्जा अभियानको मुख्य आधार भएको उल्लेख गरे।

'सपना देख्नु मात्र पर्याप्त हुँदैन, त्यो सपना साकार पार्ने जिम्मेवारी, श्रम, सीप र संगठित जागरण चाहिन्छ,' उनले भने, 'अब आलोचना–केन्द्रित राजनीति होइन, निर्माण–केन्द्रित राजनीति गर्नुपर्छ।' देशभित्र र विदेशमा रहेका सबै नेपालीलाई एकताको आह्वान गर्दै उनले देश उकास्न संगठित, जिम्मेवार र इमानदार प्रयास आवश्यक रहेको प्रष्ट पारे। 'हामी थकित छैनौँ, हराएका छैनौँ–हामी उठेका छौँ। एक भएर देश बनाउने संकल्पका साथ अघि बढेका छौँ,' उनका शब्द थिए।

सभापति खनालले आफ्नो पद कुनै औपचारिक संरचना मात्र नभई नागरिकको सपना, आशा र विश्वासको प्रतिनिधि भएको बताए। 'साँचो परिवर्तन नेतृत्वले होइन, परिवर्तनमा विश्वास गरेर अघि बढ्ने जनताले गर्छन्,' उनले जोड दिए।

समुन्नत नेपाल पार्टीले आत्मनिर्भरता, स्वाभिमान, कौशल विकास, युवा नेतृत्व र संगठित राष्ट्रिय जागरणलाई मुख्य एजेन्डाका रूपमा अघि सारेको छ। 'अब हामी सबै राष्ट्र–सेवक हौँ, राष्ट्र–निर्माता हौँ र हामी सबै मिलेर एउटा महान् नेपालका अभियन्ता बन्नेछौँ,' उनले घोषणा गरे।

सभापति खनालले आजको दिनलाई समुन्नत नेपाल निर्माणको ऐतिहासिक प्रारम्भ भनेर उल्लेख गर्दै अन्त्यमा भने, 'आउनुहोस्, हातमा हात मिलाऔँ, मनमा विश्वास बोकौँ, र भोलिको पुस्ताले गर्वसँग भन्न सक्ने इतिहास बनाऔँ— 'हामीले बालेको थियो समुन्नत नेपालको ज्योति।'

# 'नो–हर्न जोन',
## विवाह–अनुष्ठानमा पनि हर्न प्रतिबन्ध

**मधेशदृष्टि**
**जनकपुरधाम।**

जनकपुरधाम उपमहानगरपालिका–२२ ले बसबिट्टी क्षेत्रमा लागू रहेको 'नो–हर्न जोन' नियमलाई कडाइका साथ लागू गर्ने निर्णय गरेको छ। बिहीबार वडाध्यक्ष बिमलेश मिश्रको अध्यक्षतामा बसेको वडा समितिको बैठकले ध्वनि प्रदूषण नियन्त्रण र सामाजिक वातावरणलाई मर्यादित राख्ने उद्देश्यसहित हर्न व्यवस्थापन सम्बन्धी महत्वपूर्ण प्रस्तावहरू सर्वसम्मतिले पारित गरेको हो।

वडा सदस्यहरू कुलदिप मुखिया, पूनम देवी सहनी, संजिव मुखिया, सम्पत्त देवी, सुरेश मण्डल, शिवशंकर मिश्र, अमरेन्द्र मण्डल, मुकेश ठाकुर र इशराइल राईन उपस्थित बैठकले व्यक्तिगत तथा सामुदायिक कार्यक्रममा साउण्ड दुरुपयोग बढ्दै गईरहेकाले त्यसका विरुद्ध कडाइका उपाय आवश्यक रहेको निष्कर्ष निकालेको छ।

बैठकले विवाह, उपनयन, पूजापाठ, गृहप्रवेशलगायत पारिवारिक एवम् सामाजिक कार्यक्रममा हर्न बजाउने परम्परालाई पूर्ण रूपमा रोक्ने निर्णय गरेको छ। बसबिट्टी क्षेत्रलाई पहिल्यै 'नो–हर्न जोन' घोषणा गरिएकाले पछिल्ला दिनमा बढ्दै गएको उल्लङ्घनलाई तत्काल न्यूनीकरण गर्न निर्देशनसमेत दिइएको छ।

वडाध्यक्ष मिश्रले ध्वनि प्रदूषणले बालबालिका, वृद्ध तथा बिरामीमा प्रतिकूल असर परेको उल्लेख गर्दै सामाजिक संस्कार र अनुष्ठान पनि मर्यादाभित्र हुन आवश्यक भएको बताए। उनले जनसहभागिता आधारित वातावरणमैत्री पहल निरन्तर अघि बढाइने बताए।

त्यसका साथै, धार्मिक अनुष्ठान, मेला–महोत्सव वा विशेष सामुदायिक कार्यक्रम जस्ता परिस्थितिमा 'सामान्य' र 'मर्यादित' ध्वनि प्रयोगलाई अनुमति दिन सकिने तर विद्यालय क्षेत्र, बस्ती तथा राति अबेरसम्म पर्ने असर न्युनिकरण गर्न आवश्यक सावधानी अनिवार्य हुने जनाइएको छ। लाइट एण्ड साउण्ड सेवा प्रदायकहरूसँगको छलफलपछि उनीहरूले पनि बैठकका निर्णयहरू आत्मसात् गर्ने प्रतिबद्धता जनाएका छन्। अन्य स्थानबाट ल्याइएका साउण्ड सिस्टम वा बाजाले अत्यधिक आवाज गर्ने कार्यलाई समेत पूर्ण रूपमा निषेध गरिनेछ।

'नो–हर्न नीति'को उल्लङ्घन भएमा आयोजक र साउण्ड सञ्चालनकर्ता दुवैलाई कानूनअनुसार कारबाही गरिने चेतावनी दिइएको छ। वडा कार्यालयले स्थानीय प्रहरी, टोल विकास संस्था तथा नागरिक समाजसँग निगरानी र समयमै सूचना दिन अपिल गरेको छ।

# 'एमालेभित्र आवाज उठ्न थालिसकेको छ, दब्ने छैन'

**मधेशदृष्टि**
**काठमाडौँ।**

नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' ले नेकपा एमालेभित्र रहेका क्रान्तिकारी तथा वामपन्थी धारका नेताहरूसँग सहकार्य गर्न आफू तयार रहेको बताएका छन्। बिहीबार राष्ट्रियसभा गृहमा आयोजित एकता सभामा सम्बोधन गर्दै उनले एमालेभित्रका इमानदार, देशभक्त र परिवर्तन चाहने कार्यकर्ताहरुलाई 'विद्रोह गर्न' र इतिहासको पुनः समीक्षा गर्न अपिल गरे।

प्रचण्डले एमाले नेतृत्वलाई लक्षित गर्दै भने, 'त्यहाँ वामपन्थी छन्, देशभक्त छन्, हजारौँ असन्तुष्ट कार्यकर्ताहरू छन्। हामी छलफलमा छौँ, तपाईँसँग हातेमालो गर्न चाहन्छौँ। गलत नेतृत्वको कारण कति ठूलो क्षति हुन्छ भन्ने हामीले अनुभूति गरिसक्यौँ।'

उनका अनुसार विगतमा एमालेसँग भएको एकता गलत नेतृत्वका कारण टिक्न नसकेको र त्यसले पार्टी तथा आन्दोलन दुवैलाई चुनौतीमा पारेको थियो।

उनले थपे, 'एकता गरेका थियौँ, तर नेतृत्व गलत हातमा पर्दा धेरै भोग्नुप¥यो। अब त्यहाँभित्रका इमानदार र क्रान्तिकारी साथीले सत्यको पक्षमा आवाज उठाउन थालेका छन्, र त्यो आवाज अब दबिने छैन।' प्रचण्डले व्यापक वामपन्थी एकताको आवश्यकता जोड दिँदै, 'यो प्रक्रिया दिनप्रतिदिन अघि बढ्नेछ। अन्ततः बृहत् वाम एकता प्राप्त गरेर मात्र विश्राम लिनेछु,' भन्दै एमालेभित्रका वामपन्थी समूहलाई सहकार्यका लागि खुलेर अघि आउन आग्रह गरे।

# नागरिकताको प्रतिलिपि लिन किठनाइ

**मधेशदृष्टि**
**वीरगंज।**

जिल्ला प्रशासन कार्यालय पर्सामा नागरिकताको प्रतिलिपि लिन कठिनाइ भएको छ। नागरिकताको प्रतिलिपि लिन गाउँगाउँबाट आएका सेवाग्राहीलाई विभिन्न बहाना देखाएर कर्मचारीले महिना दिनभन्दा बढी समय लगाउने गरेको पाइएको हो।

एकदिनमै पाउने नागरिकताको प्रतिलिपि महिना दिनसम्ममा पनि नपाउँदा सेवाग्राही आक्रोशित भएका छन्।

स्थानीय पालिका प्रतिलिपि निकाल्नका लागि उच्च अधिकारीहरूसँग समस्या सुनाए पनि केही सुनुवाइ नभएको बताए। उनका अनुसार कर्मचारीहरूको गैरजिम्मेवार जवाफ र कामका कारण नागरिकताको प्रतिलिपि निकाल्न समस्या भोग्नुपरेको अवस्था छ।

वीरगंज महानगरपालिका–३२ परसवानिवासी नथुनीप्रसाद सोनारले नागरिकता प्रतिलिपि पाउन १० गतेको समय पाए पनि प्रतिलिपि लिन नपाएको गुनासो गरे। एक दिनमा पाउनुपर्ने प्रतिलिपि यहाँका कर्मचारीको उदासीनताका कारण एक महिना समय लाग्ने गरेको उनको भनाइ छ।

# स्व. नरेश सर्राफ स्मृति पत्रकारिता पुरस्कार आशु सर्राफलाई



**मधेशदृष्टि**
**वीरगंज।**

समाजवादी प्रेस संगठन नेपाल, पर्साले वितरण गर्दै आएको स्व. नरेश सर्राफ स्मृति पत्रकारिता पुरस्कार यस वर्ष पत्रकार आशु सर्राफलाई प्रदान गर्ने निर्णय भएको छ। समाजवादी प्रेस संगठन नेपाल, पर्साले गठन गरेको पुरस्कार वितरणको लागि पत्रकार छनौट समितिको बिहीबार बसेको बैठकले दोस्रो स्व. नरेश सर्राफ स्मृति पत्रकारिता पुरस्कार यात्रा डेलीका डेस्क सम्पादक आशु सर्राफलाई प्रदान गर्ने निर्णय गरेको हो। २१ हजार रुपैयाँ नगद राशीको पुरस्कार यस वर्ष पत्रकार सर्राफलाई प्रदान गर्ने निर्णय भएको समितिका संयोजक तथा समाजवादी प्रेस संगठन नेपाल, पर्साका अध्यक्ष शम्भु कुमार सुमनले जानकारी दिए।

मंसिर १५ गते वीरगंजमा आयोजना हुने स्व. नरेश सर्राफको तेस्रो स्मृति सभामा पुरस्कार वितरण गरिने संयोजक सुमनले बताए। यसअघि पुरस्कारबाट वीरगंजका पत्रकार मनोज पटेल सम्मानित भइसकेका छन्।

समितिका संयोजक सुमनको अध्यक्षतामा बसेको बैठकमा समाजवादी प्रेस संगठन नेपालका केन्द्रीय सचिव बृजलाल पासवान, मधेश प्रदेशका अध्यक्ष मनोज पटेल, सदस्य हरिशंकर शर्मा, विनोद पटेल, सन्तोष साह र मनिषा कुमारी साहको उपस्थिति थियो। समाजवादी प्रेस संगठन पर्सा शाखाका कार्यसमिति सदस्य समेत रहेका पत्रकार स्व. सर्राफको २०७९ मंसिर १५ गते हृदयघातका कारण अल्पायुमै निधन भएको थियो।

# प्रधानमन्त्री कार्की र एमाले शीर्ष नेताबीच भेटवार्ता

**काठमाडौँ।**

प्रधानमन्त्री सुशीला कार्कीसँग महत्वपूर्ण राजनीतिक संवादका लागि एमालेका वरिष्ठ नेताहरू बिहीबार साँझ बालुवाटार पुगेका छन्।

महासचिव शंकर पोखरेलको नेतृत्वमा उपमहासचिव प्रदीप ज्ञवाली र नेता महेश बर्तौला सहभागी भएको उक्त भेटमा सञ्चार तथा सूचना प्रविधि मन्त्री जगदीश खरेल पनि उपस्थित रहे।

हालै सरकार र संसद् विघटन असंवैधानिक भएको भन्दै सडकदेखि अदालतसम्म कानुनी लडाइँ अघि बढाइरहेको एमाले नेतृत्वले प्रधानमन्त्रीसँग प्रत्यक्ष संवाद आवश्यक ठानेर भेटवार्ता गरेको बताइएको छ।

सरकार चुनावी वातावरण सिर्जना गर्न असफल भएको र कार्की नेतृत्वको सरकारले चुनाव नै नगर्ने अडान लिएको भन्दै एमालेले निरन्तर आलोचना गर्दै आएको छ।

यस्तो संवेदनशील राजनीतिक परिस्थितिमा भएको आजको भेटलाई दुवै पक्षबीच सम्बन्ध सुधार तथा सहकार्यको सम्भावना खोज्ने प्रयासका रूपमा हेरिएको छ। नेताहरूले विश्वासका वातावरण पुनःस्थापनाका लागि खुलेर कुराकानी गरेको स्रोतले जनाएको छ।

# 'प्रत्यक्ष निर्वाचित कार्यकारी मन्त्रिपरिषद् हुनुपर्छ'



**काठमाडौँ।**

नेपाली कम्युनिस्ट पार्टीका नेता राजेन्द्र श्रेष्ठले देशमा दीर्घकालीन राजनीतिक स्थिरता कायम गर्न प्रत्यक्ष निर्वाचित कार्यकारी व्यवस्था र विज्ञसम्बद्ध मन्त्रिपरिषद् आवश्यक रहेको धारणा व्यक्त गरेका छन्। बिहीबार आयोजित एकता घोषणा कार्यक्रममा बोल्दै उनले वर्तमान शासन संरचनाले स्थिरता दिन नसकिरहेको र अब शासकीय स्वरूपमै परिवर्तन गर्नुपर्ने बेला आएको बताए।

श्रेष्ठका अनुसार जेन्जी आन्दोलनले सामाजिक सञ्जाल प्रतिबन्ध, भ्रष्टाचार नियन्त्रण र सुशासनका मुद्दा उठाए पनि पछिल्लो चरणमा जनताले राजनीतिक स्थिरतालाई मुख्य एजेन्डा बनाइरहेको स्पष्ट देखिएको छ। उनको भनाइमा, स्थिरता विना न त आर्थिक समृद्धि सम्भव छ, न त प्रभावकारी सुशासन।

कार्यक्रममा बोल्दै उनले भने, 'जेन्जी आन्दोलनले सामाजिक सञ्जाल प्रतिबन्ध, भ्रष्टाचार र सुशासनका कुरा उठाएको थियो। तर अब जनताको मुख्य अपेक्षा राजनीतिक स्थिरता हो। स्थिरता बिना देश समृद्ध हुँदैन। त्यसैले प्रत्यक्ष निर्वाचित कार्यकारी आवश्यक छ, शासकीय स्वरूप बदलिनुपर्छ, मन्त्रिपरिषद् विज्ञहरूको हुनुपर्छ।'

उनको भनाइमा, नयाँ शासन मोडलले मात्र देशलाई दीगो, स्थिर र उत्तरदायी दिशामा लैजान सक्षम हुने विश्वास व्यक्त गरिएको छ।

# जेन्जी युवाले बुझाए सिडिओ र अस्पताल प्रमुखलाई ज्ञापन

**मधेशदृष्टि**
**जनकपुरधाम।**

महोत्तरीका जेन्जी युवाले स्थानीय सेवासुविधामा बढ्दो अव्यवस्था र सार्वजनिक सरोकारका विषयको समाधानका लागि बिहीबार प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादव तथा प्रादेशिक अस्पताल जलेश्वरका निमित्त प्रमुख डा. विकासकुमार साहलाई छुट्टाछुट्टै ११ बुँदे ज्ञापनपत्र बुझाएका छन्।

युवाले जलेश्वर नगरपालिका तथा अस्पताल परिसरमा देखिएको अव्यवस्था, फोहर व्यवस्थापनका समस्या, मणिपाल जग्गा प्रकरणमा पारदर्शिताको अभाव, हाटबजार ठेक्का प्रक्रियामा देखिएको अपारदर्शिता, सडक मर्मतमा बेवास्तालगायत स्थानीय सरोकारका मुद्दा उठाउँदै तत्काल ध्यानाकर्षण गराएका छन्।

ज्ञापनपत्र बुझ्दै सिडिओ यादवले उठाइएका मुद्दा सम्बन्धित निकायमा पठाइने र प्रशासनले आवश्यक समन्वयमार्फत समाधानका कदम चाल्ने आश्वासन दिए। त्यस्तै, प्रादेशिक अस्पतालका निमित्त प्रमुख डा. साहले अस्पतालमा सुधारका काम क्रमिकरूपमा अघि बढिरहेको उल्लेख गर्दै युवाहरूले माग गरेका बुँदा सम्भव भएसम्म कार्यान्वयनमा ल्याइने प्रतिबद्धता व्यक्त गरे।

# सडक मर्मत माग्दै आन्दोलन

**मधेशदृष्टि**
**बारा।**

कलैया–मलाही १६ किलोमिटर सडक खण्ड मर्मत गर्न माग गर्दै सडक अवरुद्ध गर्दै आन्दोलन शुरु भएको छ।

नेपाल स्वतन्त्र अटो चालक मजदुर युनियन संघले बिहीबारदेखि अनिश्चितकालीन सडक बन्द गरेका छन्। बिहान आठ बजेदेखि पूर्णरुपमा सडक आवागमन रोकिएको संघले जानकारी दिएको छ।

कलैया–गञ्जभवानीपुरबीच पसाहा खोलाको पुल नजिक करिब डेढ सय टेम्पु चालकले आफ्ना सवारीसाधन सडकमै रोकेका छन्।

यसले यातायात पूर्णरूपमा अवरुद्ध भएको छ। सडकभरि रहेका खाल्डा–खुल्डी, जोखिमपूर्ण यात्रा र महिनौँसम्म मर्मत नहुँदा चालक आक्रोशित बनेको संघका अध्यक्ष सफिक अन्सारीले जानकारी दिए।

सडक एकनासको बनाउने, तत्काल कालोपत्र गर्ने लगायतका माग उनीहरुको छ। कलैया–मलाही सडक वर्षौंदेखि जीर्ण रहे पनि स्थानीय तहदेखि जनप्रतिनिधिसम्मको यसमा ध्यान नपुगेको टेम्पु चालकहरुले बताए।

# यादवले छाडे जसपा

**मधेशदृष्टि**
**जनकपुरधाम।**

अशोक राई नेतृत्वको जनता समाजवादी पार्टी (जसपा) का मधेश प्रदेश अध्यक्ष अशोक कुमार यादवले राजीनामा दिएका छन्।

यादवले साधारण सदस्यसमेत नरहने गरी बिहीबार विज्ञप्ति जारी गर्दै पदबाट राजीनामा दिएको घोषणा गरेका हुन्। वर्तमान अवस्थामा मधेशकेन्द्रित दलबाट देश र मधेशको विकास तथा अधिकारको रक्षा सम्भव नरहेको भन्दै यादवले पार्टी परित्याग गरेका हुन्। जसपाबाट यसअघि राजेन्द्र श्रेष्ठसहित ६ जना नेताले नेपाली कम्युनिस्ट पार्टीमा समाहित हुने निर्णय गरिसकेका छन्।

# नेशनल मेडिकल कलेज प्रधानमन्त्रीबाट सम्मानित

**मधेशदृष्टि**
**वीरगंज।**

वीरगंजमा रहेको नेसनल मेडिकल कलेज आर्थिक वर्ष २०८१–८२ मा मधेश प्रदेशमै उत्कृष्ट स्वास्थ्य सेवा प्रदान गरेबापत सम्मानित भएको छ। बिहीबार सिंहदरबारमा आयोजित ८औं सामाजिक सुरक्षा दिवसका अवसरमा प्रधानमन्त्री सुशीला कार्कीले कलेजका अध्यक्ष प्रा.डा. जैनुद्दिन अन्सारीलाई सम्मानपत्र प्रदान गर्दै कलेजलाई सम्मानित गरेका हुन्।



आठ वटा जिल्ला रहेको मधेश प्रदेशमा ठूलो उत्कृष्ट स्वास्थ्य सेवा प्रदान गरेबापत नेशनल मेडिकल कलेज प्रधानमन्त्री कार्कीबाट सम्मानित भएको नेशनल मेडिकल कलेज वीरगंजका प्रेस सल्लाहकार आसिक अन्सारीले जानकारी दिए।

उनका अनुसार, सामाजिक सुरक्षा कोषद्वारा कलेजलाई लगातार दोस्रोपटक सम्मान प्रदान गरिएको हो। यसअघि आर्थिक वर्ष २०८०–८१ मा पनि मधेश प्रदेशमै उत्कृष्ट स्वास्थ्य सेवा प्रदान गरेबापत कलेज सम्मानित भएको थियो।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालय: जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन